



# छबिसपाथिभेरा गाउँपालिकाको
# १० वर्षे
# शिक्षा योजना

# २०८१-२०९०

छबिसपाथिभेरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ब्याँसी, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

# छबिसपाथिभेरा गाउँपालिकाको
## १० वर्षे
## शिक्षा योजना
## २०८१-२०९०

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# कार्यकारिणी सारांश

शिक्षा व्यक्तिको व्यक्तित्व, समाज र देश विकासको मेरुदण्ड तथा प्रमुख आधार हो । समाज र राष्ट्रको दिगो, शान्ति, सुशासन, विकास तथा समृद्धिका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस कारण शिक्षालाई आधुनिक, प्रविधिमैत्री, वैज्ञानिक, प्रतिस्पर्धी, व्यावसायिक तथा जीवनोपयोगी बनाउनु अपरिहार्य छ । नेपालमा केही दशकदेखि शिक्षा क्षेत्रमा सुधारोन्मुख स्थिति देखिएता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा सिकाइ उपलब्धिमा अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । अझै पनि कमजोर आर्थिक अवस्था, अपाङ्गता भएका तथा लक्षित वर्गका बालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन सकिएको छैन । वर्तमान नेपालको संविधान, २०७२ को जारीपछि देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि हाम्रो देशमा तीन तहको सरकार क्रियाशील रहेको र समग्र शिक्षा क्षेत्र पनि संघीय प्रणालीको अनुकूल हुने गरी कार्यान्वयनमा रहेको छ । संविधानको अनुसूची-५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकार, अनुसुची-६मा प्रदेश तहको अधिकारहरु, अनुसुची-७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारहरु, अनुसुची-८मा २२वटा विषय समेटी स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ भने संविधानको अनुसुची-९मा संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरिएको छ । संविधानतःस्थानीय तहलाई हाल आधारभूत तथा माद्यमिक शिक्षा व्यवस्थापनको अधिकार प्रदान गरेसितै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जम्मा २३ वटा अधिकारहरु प्रयोग र कार्यान्वयन गर्न कानूनी आधार प्रदान गरेको छ । सोहीअनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको शैक्षिक अवस्थालाई सुधार गर्न आ-आफ्नो तहमा शैक्षिक योजनाहरु निर्माण गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयत्न गरिरहेको पाइन्छ । त्यस्तै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा यस सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा बालबालिका ऐन, २०७६ पनि कार्यान्वयनमा रहेका छन । यी सबै ऐन तथा कानूनहरुले संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न सहजीकरण गरेका छन् ।

त्यस्तै विद्यमान नीति, ऐन, कानुनहरु, संघदेखि स्थानीय तहसम्मको दीर्घकालीन सोच, आवधिक योजना तथा मार्गदर्शनहरु, दीगो विकास लक्ष्यमा टिकेर संविधानप्रदत्त मौलिक हक एवम् अधिकारको प्रयोग तथा कार्यान्वयन गर्दै जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामूलक, गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु स्थानीय सरकारको दायित्व र कर्तव्य दुवै हो । यस कारण छबिसपाथिभेरा गाउँपालिकाले कमजोर आर्थिक अवस्था भएका, अपाङ्गता भएका तथा अन्य सबै खाले बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्दै, बालबालिकाको कक्षा छोड्ने र कक्षा दोहोर्या उने दरलाई न्यूनीकरण गरी उनीहरुको सिकाइ उपलब्धि वृद्धि गर्ने, सबै बालवालिका तथा व्यक्तिलाई समतामूलक, समावेशी, गुणात्मक तथा जीवनपर्यन्त शिक्षाको सुनिश्चितता गरी समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार गर्ने उद्देश्यका साथ यो १० वर्षे शिक्षा योजना(२०८१-२०९०)तयार गरिएको हो ।

# विषय सूची


योजना निर्माण प्रक्रिया १

सन्दर्भ र औचित्य २

दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) २

विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२/२०२३-२०३१/२०३२) ३

नेपालको संविधान, २०७२ ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन, २०७५ ५

राष्ट्रिय शिक्षा नीति, २०७६ ५

**परिच्छेद १ : परिचय**

१. पृष्ठभूमि ६

१.२ मुख्य समस्याहरुः ११

१.३ चुनौतीहरुः ११

१.४ अवसरहरुः १२

**परिच्छेद २ : लक्ष्य निर्धारण**

२.१ दूरदृष्टि १४

२.२ लक्ष्य १४

२.३ प्रमुख उद्देश्यहरु १४

२.४ रणनीतिहरु १५

**परिच्छेद ३ : शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु**

३.१ प्रारम्भिक बालविकास र शिक्षा १७

३.१.१ परिचय १७

३.१.२ वर्तमान अवस्था १७

३.१.३ लक्ष १७

३.१.४ चुनौतीहरु १८

३.१.५ अवसरहरु १८

३.१.६ उद्देश्यहरु १८

३.१.७ रणनीति तथा कार्यनीतिहरु १८

३.१.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २०

३.२ आधारभूत शिक्षा २४

३.२.१ परिचय २४

| | |
|---|---|
| ३.२.२ वर्तमान अवस्था | २४ |
| ३.२.३ लक्ष्य | २६ |
| ३.२.४ उद्देश्यहरु | २६ |
| ३.२.५ अवसरहरु | २६ |
| ३.२.६ चुनौतीहरु | २६ |
| ३.२.७ रणनीति तथा कार्यनीतिहरुः | २७ |
| ३.२.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २९ |
| ३.३ माध्यमिक शिक्षा | ३६ |
| ३.३.१ परिचय | ३६ |
| ३.३.२ वर्तमान अवस्था | ३६ |
| ३.३.३ लक्ष्य | ३६ |
| ३.३.४ उद्देश्यहरु | ३६ |
| ३.३.५ अवसरहरु | ३७ |
| ३.३.६ चुनौतीहरु | ३७ |
| ३.३.७ रणनीति तथा कार्यनीतिहरु | ३८ |
| ३.३.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ३९ |
| ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा | ४३ |
| ३.४.१ परिचय | ४३ |
| ३.४.२ बर्तमान अवस्था | ४३ |
| ३.४.३ लक्ष्य | ४३ |
| ३.४.४ उद्देश्य | ४३ |
| ३.४.५ चुनौतीहरु | ४४ |
| ३.४.६ अवसरहरु | ४४ |
| ३.४.७ रणनीति र कार्यनीतिहरु | ४४ |
| ३.४.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४५ |
| ३.५ पाठ्यक्रम तथा पाठ्यपुस्तक | ४८ |
| ३.५.१ परिचय | ४८ |
| ३.५.२ वर्तमान अवस्था | ४८ |
| ३.५.३ उद्देश्यहरु | ४८ |
| ३.५.४ चुनौतीहरु | ४८ |
| ३.५.५ अवसरहरु | ४९ |
| ३.५.६ रणनीति तथा कार्यनीतिहरु | ४९ |

| | |
|---|---|
| ३.५.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ५० |
| ३.६ शिक्षक व्यवस्थापन | ५१ |
| ३.६.१ परिचय | ५१ |
| ३.६.२ वर्तमान अवस्था | ५१ |
| ३.६.३ उद्देश्यहरु | ५१ |
| ३.६.४ चुनौतीहरु | ५१ |
| ३.६.५ अवसरहरु | ५२ |
| ३.६.६ रणनीति तथा कार्यनीतिहरु | ५२ |
| ३.६.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ५३ |
| ३.७ शिक्षामा सूचना तथा संञ्चार प्रविधि | ५५ |
| ३.७.१ परिचय | ५५ |
| ३.७.२ वर्तमान अवस्था | ५५ |
| ३.७.३ उद्देश्यहरु | ५५ |
| ३.७.४ अवसरहरु | ५५ |
| ३.७.५ चुनौतीहरु | ५६ |
| ३.७.६ रणनीति तथा कार्यनीतिहरु | ५७ |
| ३.७.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ५७ |
| ३.८ विद्यालय विकास तथा सुशासन | ५८ |
| ३.८.१ परिचय | ५८ |
| ३.८.२ वर्तमान अवस्था | ५८ |
| ३.८.३ उद्देश्य | ५८ |
| ३.८.४ रणनीति तथा कार्यनीतिहरु | ५९ |
| ३.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ५९ |
| ३.९ संस्थागत क्षमता विकास | ६१ |
| ३.९.१ परिचय | ६१ |
| ३.९.२ वर्तमान अवस्था | ६१ |
| ३.९.३ उद्देश्य | ६१ |
| ३.९.४ रणनीति | ६१ |
| ३.९.५ उपलब्धि | ६२ |
| ३.९.६ नतिजा | ६२ |
| ३.९.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ६२ |
| ३.१० स्वास्थ्य, खानेपानी तथा स्वच्छता | ६३ |

३.१०.१ परिचय ६३
३.१०.२ उद्देश्य ६३
३.१०.३ रणनीति तथा कार्यनीतिहरु ६३
३.१०.४ उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य ६४
३.११ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा ६६
३.११.१ परिचय ६६
३.११.२ वर्तमान अवस्था ६६
३.११.३ उदेश्यहरु ६६
३.११.४ रणनीति तथा कार्यनीतिहरु ६६
३.११.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६६

**परिच्छेद ४ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

४.१ परिचय ६९
४.२ उद्देश्यहरु ६९
४.३ रणनीति तथा कार्यनीतिहरु ६९
कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण ६९

**परिच्छेद ५ : लगानी तथा स्रोत व्वस्थापन**

५.१ परिचय ७१
५.२ वर्तमान अवस्था ७१
५.३ उद्देश्य ७१

**परिच्छेद ६ : प्रमुख उपलब्धि सूचकहरु (७२)**

अनुसूची - १ ७३

# योजना निर्माण प्रक्रिया

यस पालिकाको १० बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि गाउँ शिक्षा समिति मिति २०७९/१०/१७ गतेको बैठेकमा छलफल भई स्थानीय शिक्षा योजना निर्माण कार्यदल गठन भएको थियो । आ.ब. २०८०/०८१ मा आवश्यक पर्ने बजेटको विनियोजित व्यवस्थाबमोजिम पालिकामा कार्यरत शिक्षा अधिकृत श्री हरिचन्द्र कडायतज्यूको संयोजकत्वमा विद्यालयका प्रधानाध्यापकज्यूहरु श्री महेन्द्र बहादुर सिंह, श्री पदम बहादुर खड्का, श्री कलक बहादुर चलाउने र प्राविधिक सहायक श्री जुनेश बहादुर चलाउने सदस्य रहेको कार्यदलले मस्यौदा लेखनको खण्डगत लेखनको जिम्मेवारीसहित शिक्षा योजना निर्माणका लागि चाहिने आवश्यक तथ्याङ्क तथा सूचना संकलन कार्य अगाडि बढाइएको थियो । विभिन्न चरणमा कार्यदलको बैठक बसी प्राप्त तथ्याङ्क र जानकारीका आधारमा विविध सन्दर्भ सामग्रीहरुको अध्ययन, पालिकाभित्रको शैक्षिक तथ्यको विश्लेषण, प्राथमिकता निर्धारण, दृष्टिकोण, उद्देश्य, रणनीति, कार्यक्रम, कार्ययोजना, नतिजा खाका, विकास आदि कार्यहरु सम्पन्न गरिएका थिए ।

सो कार्यदलले पहिलो मस्यौदा निर्माण गरी जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसँग मस्यौदामाथिको अन्तर्क्रिया, सल्लाह तथा छलफलपछि प्राप्त सल्लाह, सुझावलाई समेटेर शिक्षा योजनालाई अन्तिम रुप प्रदान गरियो । त्यस्तै शिक्षा समितिको बैठेकमा पेश गरी पुनः प्राप्त राय सुझाव तथा पृष्ठपोषणका आधारमा अन्तिम रुप प्रदान गरिएको शिक्षा योजना मिति २०८१/०१ । "गतेको गाउँ कार्यपालिकाको बैठेकबाट अनुमोदन तथा प्रमाणीकरणका भएको थियो ।"

# सन्दर्भ र औचित्य

बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य तथा सुसंस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो छ । नेपालको संविधान, २०७२ ले पनि संघीय गणतन्त्रात्मक व्यवस्था सहित तीन तहको संरचना (संघ, प्रदेश र स्थानीय तह) रहने उल्लेख गरेको छ । संविधानको अनुसूची-८ ले स्थानीय तहलाई आधारभूत र माद्यमिक शिक्षा सम्बन्धी अधिकार उल्लेख गरेको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरिएका २३ अधिकारमध्ये शिक्षा सम्बन्धी अधिकारहरुलाई कार्यान्वयन गरी सम्पूर्ण बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता हो ।

छबिसपाथिभेरा गाउँपालिकामा विगत देखिको शैक्षिक अनुभवले शिक्षक, विद्यार्थी, व्यवस्थापन र गुणस्तरका पक्षमा समस्याहरु देखिएको छ । ती समस्या भएका क्षेत्रमा रहेका विविध समस्याहरु पहिचान गर्ने, समाधान गर्ने, राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम कार्य गर्दै दिगो विकास लक्ष्य नं. ४ मा उल्लेख भएको "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरमा प्रोत्साहित गर्न"नेपाल सरकारले तय गरेको लक्ष्यमा हातेमालो गर्दै ३ वटै तहको बीचमा हुनुपर्ने समन्वय, सहअस्तित्व र सहकार्यको नारालाई कार्यान्वयन गर्नु यस योजनाको प्रमुख उद्देश्य हो ।

विद्यालय शिक्षा सबैको चिन्ता र चासोको विषय बनेको छ । नेपाल सरकारले गुणस्तरीय शिक्षाको विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु समेत गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको ईन्चोनमा आयोजना गरेको विश्व शिक्षा मञ्च, २०१५ को ईन्चोन घोषणामा समेत नेपालले जनाएको प्रतिबद्धता, नेपालको संविधान, २०७२ मा रहेको शिक्षाको मौलिक हक कार्यान्वयन गर्न, समय समयमा देखा पर्ने गरेका महामारीहरु, प्रकोप तथा आपत विपतबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न सक्षम, उत्थानशील शिक्षा पद्धतिको विकास गर्न पालिकास्तरीय योजना निर्माण गर्नु आवश्यक देखिन्छ । उल्लेखित सन्दर्भहरु तथा राज्यको विकेन्द्रीकरण तथा पुर्नसंरचनाको अवधारणाअनुसार यस गाउँपालिकालाई एउटा नमूना शैक्षिक केन्द्रको रुपमा विकास गर्नुको साथै गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने उद्देश्यहरुमा समेत केन्द्रित रही दश बर्षे शिक्षा योजना (२०८१-२०९०) तयार गरिएको छ ।

संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणाभएअनुसार महासन्धिको धारा-२८ मा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने दायित्व उल्लेख गरिएको छ। यसै गरी धारा -२९ मा शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने तथा धारा-३२ मा स्वास्थ्य, शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बालश्रम गर्न नहुने कुरा उल्लेख गरेको छ।

## दिगो विकासका लक्ष्यहरू ((२०१६-२०३०)

सन् २०३० सम्म विश्वव्यापी रुपमा निश्चित लक्ष्य हासिल गर्नका लागि जम्मा १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेकोछ । यी लक्ष्यहरू मध्ये लक्ष्य नं ४मा दिगो विकासको लक्ष्यले शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ, जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाको साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुराको उल्लेख गरेको छ, जसमा नेपालले पनि प्रतिबद्धता जनाएको छ ।

## विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२/२०२३–२०३१/२०३२)

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुको साथै गुणस्तर सुधारका निमित्त विगतमा सातवर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७९ साउनदेखि २०८९ असार मसान्त सम्मको दशवर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) निर्माण गरी हाल कार्यान्वयनमा रहेको छ । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं.२०८७ (सन २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हाँसिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन २००९-२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत दूरदृष्टि, लक्ष्य, उद्देश्य र ती उद्देश्यहरूलाई प्राप्त गर्नको लागि रणनितिक योजनाहरू तयार गरिएका छन् । विद्यालय शिक्षा क्षेत्र योजनाले पनि संवैधानिक प्रावधान, नेपाल पक्ष भएर गरेका सन्धि सम्झौताहरु, समानता, गुणस्तर, सक्षमता, दिगोपना, सूचना प्रविधि, परिवर्तित राष्ट्रिय र अन्तराष्ट्रिय सन्दर्भ, स्थानीयकरण, विश्वव्यापीकरण, सुशासन जस्ता मूलभूत मुद्दाहरुलाई समेटी समग्र शिक्षा क्षेत्रलाई मार्गदर्शन प्रदान गरेको छ । ती विषयवस्तुलाई आत्मसात् गरेर नै प्रस्तुत शिक्षा योजनाको तर्जुमा गरिएको हो

## नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को भाग-३ को मौलिक हक र कर्तव्य खण्डअन्तर्गत धारा-३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था निम्नानुसार गरिएको छः

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

त्यसैगरी धारा-३९ मा बालबालिकाको हक अन्तर्गत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासको हक हुनेछ भन्ने व्यवस्था गरीएको छ । साथै भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी देहाएका नीतिहरु राखिएका छन्:

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशःनिःशुल्क बनाउँदै लैजाने ।

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचनाकेन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने नेपालको संविधान, २०७२ को अनुसूची-८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसूची-९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा (२) शिक्षा, खेलकुद र पत्रपत्रिका अधिकार सम्बन्धी व्यवस्था गरिएको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को परिच्छेद-३ को दफा ११मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत (ज) मा आधारभूत तथा माद्यमिक शिक्षासम्बन्धी व्यवस्था तपशीलअनुसार उल्लेख गरिएको छ :

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन र नियमन,

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८. विद्यालयको नामाकरण,

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापन,

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१७. ट्युसन, कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

१८. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

२३. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन ।

## अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा तपशीलका व्यवस्थाहरू गरिएको छ :

परिच्छेद-२ शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्वअन्तर्गत;

दफा ३. शिक्षा प्राप्त गर्ने अधिकार,

दफा ४. शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने,

दफा ५. नागरिकको कर्तव्यको व्यवस्था,

## राष्ट्रिय शिक्षा नीति, २०७६

नेपाल सरकारले मिति २०७६ कार्तिक १८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ। यो नीतिमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, नीति र कार्यनीति उल्लेख गरिएको छ। यसमा ५५ ओटा नीतिहरू विस्तृत रूपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ। उक्त नीतिमा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" को दूरदृष्टि र सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकताअनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखिएको छ।

# परिच्छेद १ : परिचय


## १. पृष्ठभूमि

### (क) भौगोलिक अवस्थितिः


नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेको छ । संवधानले गरेको परिकल्पनाअनुसार हाल मुलुकमा सङ्घीय सरकार एक, प्रदेश सरकार ७ र स्थानीय तहका ७५३ स्थानीय सरकार क्रियाशील रहेको अवस्था छ। देशभरका ७५३ स्थानीय तह मध्ये बझाङ जिल्लामा अवस्थित छबिसपाथिभेरा गाउँपालिका एक स्थानीय तह हो । २९ डिग्री २९ मिनेट उत्तरी अक्षांशदेखि २९ डिग्री ४१ मिनेट उत्तरी अक्षांशसम्म र ८० डिग्री ५९ मिनेट पूर्वा देशान्तरदेखि ८९ डिग्री ५ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस गाउँपालिकाको कूल क्षेत्रफल ११६.१५ वर्ग किलोमिटर रहेको छ । पूर्वमा जयपृथ्वी नगरपालिका, उत्तरमा सुर्मा गाउँपालिका, दक्षिणमा थलारा गाउँपालिका र पश्चिममा दुर्गाथली गाउँपालिका र बुङ्गल नगरपालिका पर्छन् । साविकका मटेला, कँडेल, ब्याँसी र लेकगाउँ गाउँ विकास समितिलाई समेटेर निर्माण भएको यो पालिकामा ७ वटा वडाहरु छन् । बाइसे तथा चौबीसे राज्यकालमा यस क्षेत्रमा चर्चित रहेको "छबिस" दरा र पालिकाको उत्तरी क्षेत्रमा रहेको प्रसिद्द "पाथिभेरा"हिमालको नामबाट यस स्थानीय तहलाई छबिसपाथिभेरा गाउँपालिका नामाकरण गरिएको हो । यस पालिकाको उत्तरी भेगतिर केही चिसो र बैंसी तथा दक्षिणी भेगतिर केही गर्मी हावापानी पाइने भएता पनि अन्य क्षेत्रहरुमा मानव जनजीवन तथा अन्य समस्त प्राणीहरुका लागि अनुकूल हावापानी नै पाइन्छ । शान्ति एवम् मानवतावादका प्रवर्तक शिक्षाप्रेमी व्यक्तित्व जयपृथ्वी बहादुर सिंहको जन्म र जन्मस्थल(दरबार), माटेसाघुँ, पाथिभेरा हिमाल, कोटभैरव मन्दिर, बान्नीमष्टा मन्दिर, ऐतिहासिक स्थल जयपृथ्वीनगर, रमणीय तथा पुण्यभूमि थलीजिउलो, बाइसधारा, लामनडाँडा जस्ता प्राकृतिक, भौगोलिक, सांस्कृतिक स्रोत सम्पदाले भरिपूर्ण यो गाउँपालिकाले अथाह पर्यटकीय सम्भावना बोकेको छ ।

### (ख) जनसाङ्ख्यिक संरचनाः

२०७८ सालको अन्तिम जनगणनाअनुसार यस पालिकामा महिला-७७२९ र पुरुष-६७४५ गरी कुल १४४७४ जनसंख्या रहेको छ। जनघनत्व १२४ प्रति वर्ग किलोमिटर रहेको यस गाउँपालिकामा जम्मा ३०७० घरपरिवार रहेका छन् । यस पालिकाको उमेरगत जनसंख्या तल रहेको छः




**यस्तै वडागत जनसंख्यालाई यसरी प्रस्तुत गरिएको छः**





**(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाः**

यस गाउँपालिकामा क्षेत्री तथा ब्राह्मण जातिको वर्चस्व भएता पनि दलित जातिको पनि उल्लेखनीय संख्या रहेको छ । प्रायः सबै गाउँपालिकाबासीले हिन्दु धर्ममा विश्वास राख्ने हुनाले पनि मौसम तथा भेगअनुसारका जात, पर्व, उत्सव, चाँड, मेला मनाईन्छन् । बान्नीकी चैतली, नौबीसको बिर्सती मेला जस्ता ऐतिहासिक मेलाहरुको साथै परापूर्व कालदेखि चलि आएका देउडा, ढुस्को, माङ्गल, फाग जस्ता कला संस्कृति, परम्पराको वर्तमान समयमा पनि भएको निरन्तरताले यस पालिकाको पहिचानमा समेत छाप पारेका छन् ।


## (घ) आर्थिक अवस्थाः

यस पालिकाका बासिन्दाले जीविकोपार्जनको लागि मुख्यतःकृषि पेशा अपन्याएता पनि हावापानी, खडेरी, आधुनिक कृषि प्रणालीको अनविज्ञता जस्ता कारणले वर्षभरिका लागि खान नपुग्ने खाद्य उत्पादन हुने भएकोले तराई क्षेत्रबाट आयात गरिएको खाद्यानमा निर्भर रहनु परेको अवस्था छ। यसको अलवा व्यापार, व्यवशाय, रोजगारी (स्वदेशी एवं वैदेशिक), सानातिना उद्यम, फलफूल व्यवशाय आदिको माद्यमबाट आफ्नो जीवन निर्वाह गरिरहेका छन्। संक्षेपमा आर्थिक अवस्थालाई यहाँ प्रस्तुत गरिएको छः

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या**




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या**




### (ङ) शैक्षिक अवस्थाः


बझाङ जिल्लामा सञ्चालित शैक्षिक संस्थामा आधारभूत-३९७, मा.वि.-४०, उमावि-३९, बालविकास केन्द्र-२९३ सामुदायिक अध्ययन केन्द्र-३८ विशेष शिक्षा कक्षा-८५, र क्याम्पस-८ तथ्याङ्क रहेको छ । यो स्थानीय तह पिछडिएको दुर्गम क्षेत्र भएतापनि शैक्षिक अवस्थालाई दृष्टिगत गर्दा बझाङ जिल्लाको अन्य पालिकासँग तुलना गर्दा औसत अवस्थामा रहेको छ । मानवतावादी व्यक्तित्व जयपृथ्वी बहादुर सिंहको पहलबाट स्थापित सत्यवादी माध्यमिक विद्यालय साथै बझाङ जिल्लाकै पुरानो र शैक्षिक क्षेत्रमा ठूलो योगदान पुऱ्याको शान्ति माध्यमिक विद्यालयले यस पहिचानमा टेवा पुऱ्याएका छन् । हाल यस गाउँपालिकाभित्र सामुदायिक विद्यालयहरु ३६ वटा, संस्थागत विद्यालयहरु ३ वटा, स्नातक क्याम्पसहरु २वटा, सामुदायिक सिकाइ केन्द्रहरु ४ वटा, बाल विकास केन्द्रहरु ३२ वटा रहेका छन् । गत विगतको औपचारिक एवम् अनौपचारिक रुपमा साक्षरताको प्रवर्द्धनको प्रयासको कारण २०८० सालको जनगणनाअनुसार महिला ५७.६ र पुरुष ८३.२ गरी कुल साक्षरता ६९.४ रहेको छ । त्यस्तै प्रमाणपत्र डिप्लोमा तहसम्मको प्राविधिक तथा व्यावशायिक शिक्षा एक वटा विद्यालयले र विशेष कक्षा एक विद्यालयले सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको अवधारणानुसार नमूना विद्यालय गुरुयोजनाअनुरुप एक विद्यालय हाल नमूना विद्यालयको रुपमा स्थापित हुदैंछ । अधिकांश माध्यमिक विद्यालयहरुमा क्ष्र्मृत ल्याब, पुस्तकालयहरु हुनुको साथै सबैजसो सामुदायिक विद्यालयहरुमा सिकाइको न्यूनतम सर्तअनुरुपको वातावरण कायम भएको अवस्था छ । मानिसको चेतनामा आएको परिवर्तन, सूचना प्रविधिको बढ्दो प्रयोग, विश्वव्यापीकरण जस्ता पक्षहरुले हाल पालिकाभरिको तहगत, कक्षागत, टिकाउपना, उत्तीर्णदर तथा लैङ्गिक समता सूचकाङ्कमा पनि सनतोषजनक अवस्था देखा परेको छ । तापनि अशिक्षा, रुढिवादी परम्परा, सामाजिक अन्धविश्वास, बेरोजगारी, अज्ञानता जस्ता कारणले धेरै जनसमुदायका बालबालिका विद्यालय नजाने, छोराहरु विदेश जाने र छोरीहरु घरको काम गरी विद्यालय नजाने अवस्था छ । तसर्थ संख्यात्मक रुपमा विद्यालयमा भर्ना भएतापनि लक्षित सिकाइ उपलब्धि र समता कायम हुन सकिरहेको छैन ।

राष्ट्रिय जनगणना, २०७८को नतिजाबमोजिम यस पालिकाको साक्षरता अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

**५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या**



### ५ देखि २५ वर्षसम्म ए.स.ए.ल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसंख्या




शैक्षिक सत्र २०८० को IEMIS भर्नाको आधारमा यस पालिकाको समग्र शैक्षिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

### छात्र छात्राहरुको विवरणको अवस्थाः

| कक्षा | सामुदायिक विद्यालयको विद्यार्थी संख्या | | | संस्थागत विद्यालयको विद्यार्थी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| बालविकास | ३२८ | ३६० | ६८८ | १७ | ४६ | ६३ | ७५१ |
| कक्षा १ | ३३१ | २८६ | ६१७ | ८५ | ७८ | १६३ | ७८० |
| कक्षा २ | २२५ | १७० | ३९५ | ९५ | ५२ | १४७ | ५४२ |
| कक्षा ३ | २१४ | १८० | ३९४ | ८६ | ४६ | १३२ | ५२६ |
| कक्षा ४ | २३१ | १७६ | ४०७ | ७६ | ३९ | ११५ | ५२२ |
| कक्षा ५ | १८५ | २१३ | ३९८ | ७६ | ३५ | १११ | ५०९ |
| कक्षा ६ | १९९ | १६४ | ३६३ | | | | ३६३ |
| कक्षा ७ | १९३ | १७४ | ३६७ | | | | ३६७ |
| कक्षा ८ | २०३ | १७१ | ३७५ | | | | ३७५ |
| कक्षा ९ | १८२ | २१३ | ३९५ | | | | ३९५ |
| कक्षा १० | २०५ | २०७ | ४१२ | | | | ४१२ |
| कक्षा ११ | १३२ | १४३ | २७५ | | | | २७५ |
| कक्षा १२ | १६९ | १६७ | ३३६ | | | | ३३६ |
| जम्मा | २७९७ | २६२४ | ५४२२ | ४३५ | २९६ | ७३१ | ६१५३ |

अतः यस छबिसपाथिभेरा गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न तीनवटै तहका सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुको सहयोग तथा सहजीकरणमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । विद्यालयको भौतिक पूर्वाधारको निर्माण साथै आन्तरिक तथा बाह्य वातावरणको सुदृढीकरण गर्दै बालबालिकाको सिकाइ स्तर वृद्धि गर्दै समग्र पालिकाको शैक्षिक सुधारका लागि प्रयत्न गरिरहेका छ ।

### १.२ मुख्य समस्याहरुः

- शिक्षा क्षेत्रमा लगानी बढाउन नसकिनु ।
- पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्न नसकिनु ।
- शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न नसकिनु ।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी नहुनु ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको पहुँच नहुनु ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु ।
- उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसकिनु ।
- प्रारम्भिक बालकक्षामा तोकिएको उमेरभन्दा कम उमेरका बालबालिका जानु र उपयुक्त सिकाई नहुनु ।
- नक्साङ्कनको आधारमा विद्यालय स्थापना नहुनु ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना नहुनु ।
- सार्वजनिक विद्यालयप्रति अभिभावकको आकर्षण कम हुनु ।
- सबै विद्यालयमा समान रुपमा बालकक्षा सहजकर्ताको वितरण नभएको ।
- विषम परिस्थितिमा वैकल्पिक सिकाइको व्यबस्था गर्न नसकिनु ।
- शैक्षिक गुणस्तर अभिवृद्दिसम्बन्धीका कार्यक्रमहरु नगण्य मात्रामा हुनु ।
- शैक्षिक क्यालेण्डर निर्माण र प्रयोग नहुनु ।

### १.३ चुनौतीहरुः

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालबिकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्ने ।
- प्रारम्भिक बालबिकास शिक्षा चार वर्षका बालबालिकाहरुका लागि लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्षभन्दा कम उमेरका बालवालिकाहरु पनि सहभागी हुनु ।
- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालवालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्ने ।
- सबै विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाई सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्ने ।
- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक सांस्कृतिक परिवेश आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरु कायम रहनु ।

- व्यवहारकुशल सिपहरुलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि गर्ने ।
- माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने ।
- सूचना तथा सञ्चार लगायतका प्रक्रियामा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।
- विद्यालय शिक्षालाई प्रकोप, संङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
- बालवालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्ने ।
- छात्रवृति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागि भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने ।
- विद्यालयलाई भय, बिभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने ।
- साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्याक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने ।
- संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने ।
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।
- विद्यालयमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु ।
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु ।
- विद्यालय शिक्षामा सुशासन कायम गर्नु ।
- सार्वजनिक विद्यालयप्रति अभिभावकको आकर्षण बढाउनु ।
- विपद्को समयमा वैकल्पिक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

## १.४ अवसरहरुः

उल्लेखित चुनौतीहरु समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरु उपलब्ध भएका छन् :

- विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने,
- दिगो विकास लक्ष्य प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको,

- शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रुपमा सहमति देखिएको,
- लामो समयदेखि सरकार तथा विकास साझेदारहरुबीच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भइरहेको,
- संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरुप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको,
- विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने,
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको,
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरुले प्रमाणमा आधारित सुधारका लागि सहयोग गर्ने,
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको,
- यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बढ्न सहयोग पुग्न सक्ने ।
- आधारभूत तहमा निशुल्क तथा अनिवार्य र माद्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ।
- संविधानले स्थानीय सरकारलाई माद्यमिक तहसम्मको अधिकार प्रदान गरेको कारण गाउँपालिकाको आवश्यकताअनुकुलको माद्यमिक तहसम्मको शिक्षा सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर दिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको अवसर स्थानीय तहमा दिएको ।
- दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेशमा सहकार्य र सहयोगका निम्ति उपयुक्त वातावरण तयार भएको ।
- शैक्षिक योजना तथा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने अवसर दिइएको ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको ।
- शिक्षाको गुणस्तर सुधार गर्न तीनवटै तहका सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुले सहयोग, लगानी, सहभागिता तथा प्रतिबद्बता रहेको ।
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गरिनु ।
- विश्वव्यापीकरणको प्रभाव रहनु ।

# परिच्छेद २ : लक्ष्य निर्धारण

## २.१ दूरदृष्टिः

“निःशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम् गुणस्तरीय शिक्षा; सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा”

## २.२ लक्ष्य

एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरको रुपमा उपयोग गर्न सक्ने, नेपाली कला, मूल्य-मान्यता, समानता, समता, समावेशीताप्रति सचेत रही आधुनिक ज्ञान-विज्ञान, सीप, सूचना प्रविधिले सुसज्जित साथै राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्ने ।

## २.३ प्रमुख उद्देश्यहरुः

यस योजनाको समग्र उदेश्य गुणस्तरीय विद्यालय शिक्षा प्राप्तिलाई अधिकारका रुपमा स्थापित गरी सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिता प्रवर्द्धन गर्ने रहेको छ । यी समग्र उदेश्यहरुको विस्तृतीकरण गरी यस योजनाका निम्नलिखित उदेश्यहरु निर्धारण गरिएको छः

१. अनिवार्य तथा निःशल्क पूर्व प्रारम्भिक तथा आधारभूत तहको शिक्षामा सबै बालबालिकाको सहज पहुँच तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।

२. माध्यमिक तहको शिक्षा निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चिता गर्नु ।

३. स्थानीय परिवेश, संस्कृति, परम्पराअनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय पाठ्यक्रम लागु गर्नु ।

४. सबै विद्यालयमा सबै किसिमको विभेद, दुर्व्यवहार, भयमुक्त, बालमैत्री तथा अपाङ्गमैत्री वातावरणको सुनिश्चितता गर्नु ।

५. औपचारिक शिक्षावाट वञ्चित बालबालिका, युवा, प्रौढलाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मूलधारमा ल्याई पहुँच र अवसरको सुनिश्चित गर्नु ।

६. नेत्तृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गरी विद्यालयमा सरोकारवालाहरुको सहभागिता बढाउनु ।

७. आपतकालीन तथा संकटपूर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु ।

८. गाउँपालिका भित्रका सम्पूर्ण शिक्षकहरुको पेशागत विकासको साथै क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु गर्नु ।

९. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय सुपरीवेक्षणमा जोड दिनु ।

१०. विशेष शिक्षाको आवश्यकता भएका बालाबालिकाहरुको पहिचान गरी उनीहरुको आवश्यकता अनुसार शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

११. समुदायस्तरमा बालबालिकाको पढाईको वातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको क्षमता विकासमा जोड दिनु ।

१२. पालिकास्तरको समग्र शैक्षिक प्रणालीलाई विकास, सुदृढीकरण र गतिशील बनाउनु ।

१३. राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादन गर्नु ।

## २.४ रणनीतिहरुः

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न प्राथमिकतामा आधारित रही तपशील बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ:

- प्रचलित ऐन तथा कानुनबमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयारी गरी लागु गरिनेछ ।
- एक वडामा एक नमुना बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गरिने छ ।
- नमूना विद्यालयको अवधारणा कार्यान्वयन गरिने छ; त्यसका लागि प्रचालित ऐन, कानुन बमोजिम पालिकाले नमूना विद्यालय कार्यविधि बनाई लागु गरिनेछ ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माद्यमिक तहको शिक्षालाई निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधारलाई प्राथमिकताको आधारमा वितरण गरिनेछ ।
- स्थानीय परिवेश, आवश्यकता, सामाजिक संस्कृति विशिष्टता अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।
- विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालय सरोकारवालाको क्षमता अभिवृद्धि गरिनेछ ।
- बालवालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिनेछ, साथै संघिय तथा प्रदेशको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवा खाजाको व्यवस्था मिलाइनेछ ।
- Public Private Partnership को अवधारणा लागु गरिनुको अलवा निजी क्षेत्रको स्रोतलाई शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि उपयोग गरिनेछ ।
- प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिनेछ ।
- शिक्षकको शैक्षिक क्षमता अभिवृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम कार्यशालाहरु संचालन गरिनेछन् ।
- विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा संचालन गरिनेछ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइनेछ ।
- कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष प्रत्येक तहको एक जना शिक्षकलाई उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ ।
- रणनैतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिनेछ ।
- शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरीवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समूह, साथी समूह, रोस्टर, समूह गठन गरी परिचालन गरिनेछ ।

- सामुदायिक सिकाई केन्द्रहरुको क्षमता अभिवृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ ।
- बालवालिकाको पठन सिप तथा शैक्षिक उपलब्धि वृद्धि गर्न समुदायस्तरमा शैक्षिक गतिविधि सञ्चालन गरिने छ ।
- विद्यार्थीहरुमा राष्ट्र तथा समाजप्रति उत्तरदायित्व वोध गर्नका लागि अनिवार्य रुपमा विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय सेवा, कार्य र गतिविधिमा संलग्न गराइने छ ।
- शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धीको निश्चित मापदण्ड तयार पारी लागु गरिनेछ ।
- विद्यालयको सहयोग अनुदान वितरण गर्दा एभचायकबलअभ द्यबकभम अनुदान प्रणाली लागु गरिनेछ ।
- विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह-क्रियाकलाप संञ्चालनका लागि वडास्तरमा आधुनिक प्रविधिसहितका खेलमैदान निर्माणमा जोड दिइने छ ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-अस्तित्वको अवधारण अनुरुप नीति निर्माण, स्रोतको बाडफाँड तथा लगानीका लागि संघ, प्रदेश र स्थानीय तहहरुबीच सहकार्य गरिनेछ ।
- आधारभूत तह (१-५) का बालबालिकाहरुको सिकाइ स्तर सुधार गर्न केही विद्यालयमा परीक्षणको रुपमा आंशिक/दिवाकालीन आवासीय कक्षा सञ्चालन गरिनेछ ।
- स्वयंसेवक शिक्षकहरुको दरबन्दी सिर्जना गरी विषयगत तथा तहगत शिक्षक अभावलाई पूर्ति गरिनेछ ।

उल्लिखित दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरु तथा रणनीतीहरुश्लाई पूरा गर्नका लागि विभिन्न कार्यनीति र मुख्य क्रियालापहरु समेत प्रस्तावित गरिएको छ । यो शिक्षा योजना १०बर्षे भएकाले पहिलो ५बर्षको खर्च अनुमान र कार्ययोजना समेत यस योजनाले समेटेको छ । यस योजनामा समावेशी शिक्षालाई अन्तरबिषयक सवालका रुपमा समावेश गरिएको छ भने मुख्य बिषयगत क्षेत्रको रुपमा निम्न बिषयहरुलाई छुटाछुट्टै रुपमा त्यसका रणनीति, कार्यनीति, मुख्य क्रियाकलाप, अपेक्षित उपलब्धिहरुसहित चर्चा गरिएको छ ।

१. बाल विकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यमिक शिक्षा
४. प्राविधिक तथा व्यावसायिक शिक्षा
५. अनौपचारिक, जीवनपर्यन्त, परम्परागत र खुला शिक्षा
६. शैक्षिक सुशासन, प्रशासन र जनशक्ति व्यवस्थापन
७. स्वस्थ तथा सुरक्षित विद्यालय

शिक्षा योजनाको अन्तिम खण्डमा वित्तीय व्यवस्थापनका रणनीतिहरु उल्लेख गरिएको छ । जसमा मुख्यत: बहुक्षेत्र साझेदारी, स्रोतको न्यायोचित वितरण, स्रोतको उचित प्रयोग र व्यवस्थापनमा जोड दिईएको छ । समग्रमा यस शिक्षा योजनाले नेपालको संविधानमा भएका शिक्षासम्बन्धी प्रावधान, २५वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू र विगतमा कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने र शैक्षिक क्षति न्यूनीकरणमा मद्दत गर्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद ३ : शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेरपूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा वाधा पर्ने सक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकहरुलाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउनु सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरु विभिन्न समय अवधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरुको सहयोगले नेपालमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ ।

यस पालिकाको विद्यालय क्षेत्रको योजनाको यस खण्डमा प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरु पहिचान गरिएको छ । उक्त चुनौतीहरुको सामना गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको स्वरुप तयार पार्ने क्रममा यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, रणनीतिहरु, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ । छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गतका लक्षित सबै बालबालिकाहरुलाई बालविकास केन्द्रसम्म सहज र सुरक्षित पहुँचको व्यवस्था गर्ने नै प्रारम्भिक बालविकास र शिक्षाको रणनीति रहेको छ ।

### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिका भित्र तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट समुदाय र विद्यालयमा गरी ३३ वटा बाल विकास केन्द्र रहेका छन् । बाल विकासमा अध्यापन गराउने सहजकर्ताको योग्यता माध्यमिक तह उतीर्ण व्यवस्था गरेको भएता पनि यस गाउँपालिकामा बी.एड. तथा आइ.एड गरेकाहरु पनि अध्यापनरत रहेका छन तर सबै विद्यालयमा समान रुपमा वितरण रहेका छैनन् । यस गाउँपालिकामा शैक्षिक तथ्याङ्क २०७९ का अनुसार ९८६ बालबालिकाहरु यस तहमा भर्ना भइ अध्ययनरत छन । गत वर्षको बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना हुने ८३% रहेको छ । प्रारम्भिक तहमा खुद भर्नादर ८९.५ रहेको छ । यस गाउँपालिका बालबालिका तथा शिक्षक अनुपात १:३३ रहेको छ । प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्नादर १११% रहेको छ ।

### ३.१.३ लक्ष्य

बालवालिकाको मानसिक, संवेगात्मक, सामाजिक विकास गरी उनीहरुलाई आधारभूत शिक्षाका लागि तयार गर्नु ।

### ३.१.४ चुनौतीहरुः

- बालविकास केन्द्रहरुमा बालमैत्री वातावरण सृजना गर्न नसक्नु ।
- शैक्षिक सामग्री तथा अलग्गै कक्षा कोठामाको अभाव ।
- भौतिक पूर्वाधारको समस्याले शिक्षण सिकाई क्रियाकलाप संचालनमा समस्या ।
- सहजकर्ताहरुको न्यून पारिश्रमिकको कारण कार्यदक्षतामा कमी ।
- बालविकास केन्द्रको लागि न्यूनतम मापदण्ड पुरा नहुनु ।
- बालविकास केन्द्रहरु नियमित रुपमा संचालन नहुनु ।
- बालविकास केन्द्रप्रति अभिभावकको अपनत्व नहुनु ।
- बालविकास केन्द्रमा मापदण्डमा तोकिएको संख्यामा विद्यार्थी संख्या नहुनु ।
- बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था नहुनु ।
- प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरुलाई तालिमको व्यवस्था नुहुनु ।

### ३.१.५ अवसरहरुः

- विद्यार्थी संख्याअनुसार बालविकास केन्द्रको संख्या पर्याप्त हुनु ।
- बालविकास केन्द्रका शिक्षकहरुको लागि न्यून मात्रामा पुर्नताजगी तालिम प्रदान गरिनु ।
- प्रदेश सरकारबाट उत्कृष्ट ३ जना बालविकास केन्द्रलाई प्रत्येक वर्ष रु. १०, ००० का दरले प्रोत्साहन रकम प्रदान गर्नु ।
- बालविकास केन्द्रलाई भौतिक व्यवस्थापन र सिकाइ सामग्री पर्याप्त मात्रामा उपलब्ध गराउनु ।

### ३.१.६ उद्देश्यहरुः

- चार वर्ष उमेरका बालबालिकाहरुको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु
- सबै बालवालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहितकक्षा १ मा भर्ना गर्नु ।
- बालवालिकाको सर्वाङ्गीण विकासको लागि अभिभावकको सक्रीयता तथा सहभागीतमा वृद्धि गर्नु ।

### ३.१.७ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण गरी आवश्यकतानुसार केन्द्रको विस्तार गरिने छ । | वस्तुस्थितिको अध्ययन गरी आवश्यकतानुसार केन्द्रहरु फेरबदल तथा थपघट गरिने । |
| नमुना बालविकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार गरी लागु गरिने छ । | पालिकाभित्रका बालविकास केन्द्रहरुमध्ये उपयुक्त ३ वटा केन्द्र छनौट गरी कार्ययोजना निर्माण गरिने र नमुनाको रुपमा विकास गरिने । |

| | |
|---|---|
| बालविकास केन्द्रका शिक्षकहरुका लागी वालमैत्री तथा मन्टेश्वरी तालिम कार्यक्रम संचालन गरिनेछ। | तालिम प्रदान गर्नका लागि आवश्यक जनशक्ति तयार पार्ने ।<br>चरणवद्ध रुपमा बालमैत्री तथा मन्टेश्वरी तालिम प्रदान गर्ने । |
| बालविकास केन्द्रको भर्ना दर वृद्धि गर्न सघन भर्ना अभियान कार्यक्रम संचालन गरिने छ। | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| बालविकास केन्द्र तथा शिक्षकहरुका लागी प्रोत्साहन कार्यक्रमहरु संचालन गरिने छ। | पालिकाले मापदण्ड तयार पारी केन्द्र तथा शिक्षकहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने । |
| बालविकास केन्द्रका लागि पाठ्यक्रममा आधारित रहि स्थानिय शैक्षिक सामग्री निर्माणमा जोड दिइने छ। | पाठ्यक्रम प्रवोधीकरण तथा स्थानीय सामग्रीको प्रयोग गरी शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन गर्ने । |
| कक्षाकोठाको सिकाई प्रभावकारी बनाउन सिकाई कुना स्थापनाका गरी शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्था मिलाईनेछ। | कक्षाकोठाको बसाइ व्यवस्थापन तथा सन्दर्भ सामाग्री व्यवस्थापन सम्बन्धी तालिम सञ्चलन गर्ने । |
| अभिभावकको क्षमता अभिवृद्धि गरी बालवालिकाको सर्वाङ्गीण विकास गर्न सहभागिता बढाईनेछन। | अभिभावक शिक्षा प्रदान गरी सचेतना वृद्धि गर्ने । |

## ३.१.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### प्रारम्भिक बालविकास शिक्षा तार्किक ढाँचा

| उपलब्धि | नतिजा | सूचकहरु | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्टयाइका आधारहरु |
|---|---|---|---|---|---|
| बालविकास कन्द्रमा बालवालिकाको पहुँचमा वृद्धि गर्ने । | उमेर समूहका शतप्रतिशत बालवालिका भर्ना भएको । | कुल भर्नादर | भर्ना अभियान | करिब ६ हजार बालवालिकाले बालविकास शिक्षा प्राप्त गर्ने । | केन्द्र अनुगमन प्रतिवेदन, IEMIS प्रतिवेदन, सामाजिक परीक्षण |
| | सघन भर्ना अभियान संचालन भएको | बालविकासको वितरण | प्रारम्भिक बालविकास तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | बालविकास केन्द्रका सम्पुर्ण शिक्षकहरु बालमैत्री तथा मन्टेश्वरी तालिम प्राप्त हुने । | |
| | आवश्यकतानुसार विद्यालयमा आधारित बालविकास कक्षाको वितरण | बालविकास अनुभव सहितका बालवालिका कक्षा १ मा भर्ना भएको । | आवश्यकता अनुसार घुम्ती कक्षा सञ्चालन | भौगोलिकताको आधारमा घुम्ती कक्षा सञ्चालन । | |
| | बालविकासको अनुभव सहितका बालबालालिकाहरुको कक्षा १ मा भर्नाको भएको । | समुदाय स्तरमा तथा घुम्ती कक्षा संचालन | | बालविकास केन्द्रको व्यवस्थित पुनर्वितरण | |
| | आवश्यकतानुसार घुम्ती तथा नमुना बालविकासको केन्द्र सञ्चालन । | | | | |
| बालविकास केन्द्रको गुणस्तर बृद्धि । | बालविकास केन्द्रमा बालमैत्री वसाई व्यवस्थापन | कक्षाकोठा व्यवस्थापन | बालमैत्री बसाई व्यवस्थापन | सबै केन्द्रहरुमा व्यवस्थित बसाईका लागि आवश्यक सामाग्री वितरण | बालविकास केन्द्र सम्पति विवरण, सामाजिक परीक्षण, अनुगमन प्रतिवेदन, IEMIS |
| | सामग्री व्यवस्थापन | सिकाईका ६ कुनाहरु स्थापना । | शिक्षक तालिम | सबै शिक्षकहरुको न्युनतम शैक्षिक योग्यता हासिल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मापदण्ड बमोजिमको शिक्षण तथा व्यवस्थापन । | बालमैत्री वातावरणमा जोड दिने | सामाग्री व्यवस्थापन तथा प्रयोग | शिक्षकहरु तालिम प्राप्त | |
| | नमुना बालबिकास केन्द्रहरु स्थापना तथा विकास भएको | शिक्षकहरुको न्युनतम शैक्षिक योग्यता प्राप्त | | शिक्षण सामाग्रीहरुको निर्माण तथा वितरण | |
| | बालवालिकाको संवेगात्मक तथा शैक्षिक विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने । | सिकाई उपलब्धी मापन | | बालवालिकाको सर्वपक्षीय विकास | |
| | | बालवालिकाको सर्वाङ्गीण विकास | | | |
| बालविकास केन्द्र र समुदायबीचको सम्बन्ध विकास | बालविकास केन्द्र व्यवस्थापन समिति सक्रियता | अभिभावक भेटघाट | अन्तरक्रिया कार्यक्रम | अभिभावक बालविकास केन्द्रप्रति जिम्मेवार तथा विकासप्रति सचेत | अनुगमन, प्रतिवेदन |
| | अभिभावक सचेतना बृद्धि | केन्द्रलाई आवश्यक सहयोग प्रदान | सरोकारवालाहरुसँग छलफल | | |
| | समुदाय र केन्द्रबीच आत्मीय सम्बन्ध स्थापित । | समस्या समाधान | सुझाव संकलन | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र नक्साङ्कन तथा पुनर्वितरण गर्ने | वटा | ७ | १० | | |
| २ | नमुना बालविकास अवधारणाको मापदण्ड तयार गर्ने । | पटक | १ | १ | | |
| ३ | घुम्ती कक्षा संचालन गर्ने । | वटा | २ | २ | | |
| ४ | शिक्षक तालिमको आयोजना गर्ने | पटक | वर्षमा १ कम्तीमा | वर्षमा १ कम्तीमा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पाठ्यसामाग्री निर्माणका लागी जनशक्ति खोजि तथा सामाग्री निर्माण | पटक | १ | १ | | |
| ६ | बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामग्री प्रदान गर्ने | वटा | १५ | ३३ | | |
| ७ | बालविकास केन्द्र व्यवस्थापन समिति गठन पुनर्गठन तथा केन्द्रप्रति उत्तरदायी बनाउने | आवश्यकता अनुसार | | | | |
| ८ | बालवालिकाको गुणस्तर सुधारसम्बन्धी सरोकारवाला बीच छलफल | पटक | वर्षमा १ कम्तीमा | वर्षमा १ कम्तीमा | | |
| ९ | समुदायका बालवालिकाको अभिलेखीकरण | नियमित | | | | |
| १० | स्वास्थ्य जाँच तथा खोप सेवाको व्यवस्थापन | पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | | |
| ११ | बालविकास सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | प्रत्येक वर्ष | | | | |
| १२ | बालविकास केन्द्रको अवस्थाको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यकतानुसार अनुदानको व्यवस्था | वटा | २ | ५ | | |
| १३ | शिक्षकको पेशागत सुरक्षाको सुनिश्चितता गर्ने | कार्यविधि बनाइ लागु गर्ने | | | | |
| १४ | शिक्षकका सनततिलाई शिक्षणमा सहुलियत | जना | ५ | १० | | |
| १५ | शिक्षक उपदान कोषको व्यवस्था | कार्यविधि बनाइ लागु गर्ने | | | | |

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **अनुमानित बजेट विवरण (रु. हजारमा)** | | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | स्रोत | |
| १ | बालविकासकेन्द्र नक्साङ्कन, थप तथा पुनर्वितरण गर्ने । | ५०० | | ३०० | | २०० | | गा.पा. | अधिकतम २५ |
| २ | नमुना बालविकास अवधारणाको मापदण्डका आधारमा अनुदान दिने | ५०० | | २०० | १०० | १०० | १०० | गा.पा. | अधिकतम ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | घुम्ती कक्षा संचालन गर्ने | १०० | २० | २० | २० | २० | २० | गा.पा. | |
| ४ | शिक्षकपुनर्ताजगी/तालिमको आयोजना गर्ने | ३०० | २०० | | | ५० | ५० | गा.पा., साझेदार संस्था | |
| ५ | स्थानीय पाठ्यसामाग्री निर्माणका लागी जनशक्ति खोजी तथा सामाग्री निर्माण गर्ने | २०० | | १०० | | १०० | | गा.पा., साझेदार संस्था | |
| ६ | बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामाग्री प्रदान गर्ने | ३०० | ६० | ६० | ६० | ६० | ६० | गा.पा., संघीय सरकार | एर्त्रँ |
| ७ | बालविकास केन्द्र व्यवस्थापन समिति गठन/पुनर्गठन तथा केन्द्रप्रति उत्तरदायी बनाउने | १०० | २० | २० | २० | २० | २० | गा.पा. | |
| ८ | बालवालिकाको गुणस्तर सुधारसम्बन्धी सरोकारवालाबीच छलफल (अभिभावक शिक्षा) | १०० | २० | २० | २० | २० | २० | गा पा. | |
| ९ | समुदायका बालवालिकाको अभिलेखीकरण (क्ष्भःक्ष्व) | | | | | | | | स्रोत नचाहिने |
| १० | स्वास्थ्य जाँच तथा खोप सेवाको व्यवस्थापन | | | | | | | | स्रोत नचाहिने |
| ११ | बालविकास केन्द्र सुधार योजना निर्माण/अद्यावधिक तथा कार्यान्वयन | | | | | | | | स्रोत नचाहिने |
| १२ | बालविकास केन्द्रको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकतानुसार अनुदानको व्यवस्था | ५०० | १०० | १०० | १०० | १०० | १०० | गा.पा. | |
| १३ | शिक्षकका सनततिलाई माद्यमिक तहसम्म शिक्षणमा सहुलियत (सामुदायिक विद्यालयले व्यवस्थापन गर्ने) | | | | | | | | स्रोत नचाहिने |
| जम्मा | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचयः

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। विद्यमान ऐन तथा नीति नियमले प्रारम्भिक बालविकास देखि ८ कक्षा सम्म शिक्षालाई आधारभूत तह मानेको छ। जीवनलाई सहज रुपमा जीउनका लागि आधारभूत तहको शिक्षा आवश्यकता पर्दछ । नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक अधिकारको रुपमा सुनिश्चित गरिएको हुँदा प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चितता गर्ने कुरा राज्यको दायित्व हुन आउँछ । त्यससकारण राज्यले प्रत्येक नेपाली नागरिकले आधारभूत तहको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ बमोजिम आधारभूत तहको शिक्षा प्रदान गर्ने दायित्व संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनी उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज)मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ । यस कारण सबै नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने सरकारको दायित्व रहेको छ ।

बिशेष गरी प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) सम्मको बालवालिकाको पढाइ तथा सिकाइको दृष्टिकोणले अझै महत्वपूर्ण रहेको छ। यस उमेरका बालबालिका पढ्नका लागि सिक्ने र भर्खर मात्र अक्षर चिन्न थालेका हुन्छन् ।

आधारभूत तहमा सबै बालबालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गरी सिकाइ उपलब्धिमा सुधार गर्नुपर्ने हुन्छ, जसका लागि आधुनिक सूचना प्रविधिमा विद्यार्थीहरुको पहुँच सुनिश्चित, शिक्षकहरुको पेशागत दक्षतामा सुधार, विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै तिनीहरुको शैक्षिक स्तरमा सुधार गर्ने र लक्षित बालबालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्ने चुनौतीहरु रहेका छन् ।

### ३.२.२ वर्तमान अवस्थाः

नेपाललको शैक्षिक क्षेत्रले दिन प्रतिदिन आधारभूत शिक्षामा प्रगतिशील उपलब्धिहरु हासिल गर्दै आइरहेको छ । सबै बालवालिकालाई समतामूँलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुँदा धेरै आधारभूत तहमा बालवालिकाको पहुँच भएको देखिन्छ ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन बिगतमा गरिएका प्रयासहरुको नतिजास्वरुप यस पालिकाको आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्नादर ९५.४ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९६.९ प्रतिशत पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ९१ प्रतिशत र कक्षा ८ को टिकाउदर ९३.६प्रतिशत रहेको छ ।

## आधारभूत तहको कक्षागत विद्यार्थी विवरण

| कक्षा | सामुदायिक विद्यालयको विद्यार्थी संख्या | | | संस्थागत विद्यालयको विद्यार्थी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| बालविकास | ३७४ | ३५३ | ७०१ | १५० | १३५ | २८५ | ९८६ |
| कक्षा १ | ३७४ | २७४ | ६४८ | ८५ | ७८ | १६३ | ८११ |
| कक्षा २ | २४२ | १९९ | ४४१ | ९५ | ५२ | १४७ | ५८८ |
| कक्षा ३ | २४६ | २०० | ४४६१३२ | ८६ | ४६ | १३२ | ५७८ |
| कक्षा ४ | २०० | २०७ | ४०७ | ७६ | ३९ | ११५ | ५२२ |
| कक्षा ५ | २१९ | १७८ | ३०७ | ७६ | ३५ | १११ | ४१८ |
| कक्षा ६ | २२० | १७५ | ३९५ | | | | ३९५ |
| कक्षा ७ | २२२ | १७४ | ३९६ | | | | ३९६ |
| कक्षा ८ | १८४ | २०१ | ३८५ | | | | ३८५ |

## कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५.२ | ५०.४ | ५७.४ | ४८.४ | ५७.५ | ५८.८ | ६० | ५८.८१ | ६८.२ | ६२.०८ | | |

## आधारभूत शिक्षा सञ्चालनका लागि संरचनागत व्यवस्था र सेवा प्रवाहको गुणस्तर

आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क प्रभावकारी कार्यान्वयन गर्न आवश्यकता रहेको छ। यसका लागि यस गाउँपालिकाले प्रभावकारी कार्यान्वयनका लागि छलफल, अन्तरक्रिया तथा अनुगमन गर्नेछ। आर्थिक अभावका कारण कोही पनि बालबालिकाले आधारभूत तहको शिक्षाबाट बन्चित नहुने अवस्थाको सुनिश्चित गरिनेछ । प्रारम्भिक कक्षाको पठन सीप वृद्धिका लागि शिक्षकलाई तालिम, आवश्यक शैक्षिक तथा सन्दर्भ सामग्रीको उपलब्ध गराई कक्षाकोठामा बुक कर्नर स्थापना गरी थप पढ्ने वातावरण सिर्जना गरिनेछ भने बालबालिकाको पढाइको लागि परिवार तथा समुदायको संलग्नता अभिवृद्धि गरिनेछ ।

आधारभूत तहको शिक्षामा बालबालिकाको सिकाइदर एकदम न्यून देखिएको छ । शैक्षिक गुणस्तर केन्द्रद्धारा गरिएको कक्षा ३ को पढाइ तथा गणितीय सीप परीक्षणमा सिकाइ उपलब्धि न्यून देखिएको छ । यसै गरी कक्षा ५ र ८ मा गरिएको सिकाइ उपलब्धि परीक्षणमा न्यून सिकाइ उपलब्धि देखिएको छ। विभिन्न कारणले गर्दा बालबालिकाले विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च देखिन्छ, जसकारण बालबालिकाले तह पूरा गर्ने अपेक्षित दरमा कमी रहेको छ। कोभिड १९ महामारीका कारण प्रत्यक्ष पठपाठन हुन नसकेको तथा वैकल्पिक विधिबाट शिक्षण गर्दा विभिन्न कारणले प्रभावकारिता अपेक्षित रुपमा देखिएन । यसकारण बालबालिकाले ठूलो शैक्षिक क्षति व्यहोर्नु परेको छ । अबका दिनमा यस्तै महामारीको अवस्थामा पनि बालबालिकाको पठनपाठन सुचारु गर्न तथा बालबालिकाको शैक्षिक क्षति न्यूनीकरण गर्न आवश्यक योजना तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ ।

बालबालिकाको सिकाइ उपलब्धि साथै शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षकको पेशागत विकास गरी विद्यालय तहको अनुगमन, पृष्ठपोषण जस्ता क्रियाकलाप गर्न जरुरी देखिन्छ । आधारभूत तहको शिक्षामा तपशीलबमोजिमको अवसर तथा चुनौती रहेका छन । पालिकाले अवसरको सदुपयोग गर्दै चुनौतीलाई सम्बोधन गरी आधारभूत तहको शिक्षालाई सबै नागरिकको पहुँचमा पुर्या उन यथेष्ट योजना, रणनीति तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ ।

### ३.२.३ लक्ष्य

सबै बालबालिकाहरुका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्यहरुः

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालबालिकाको आधारभूत शिक्षामा पहूँच सुनिश्चित गर्ने ।
- शैक्षिक गुणस्तर सुधार गरी बालवालिकाको न्युनतम सिकाइ उपलब्धि वृद्धिको सुनिश्चित गर्नु ।
- आधारभूत तहमा बालबालिकाको टिकाउ दरमा वृद्धि गर्नु ।
- विद्यालयको वातावरण भय रहित, समावेशी तथा विभेदरहित, बालमैत्री बनाई समावेशी र गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- आधारभूत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक क्रियाकलाप बालमैत्री तथा समावेशी बनाउनु ।
- शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी शैक्षिक क्रियाकलापमा सुधार गर्नु ।
- आधारभूत तहका सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच पुर्याउनु ।
- विद्यालयमा विपद उत्थानशील भौतिक संरचना निर्माण गर्नु तथा विपदमा पनि सिकाइ क्रियाकलापको निरन्तरताको अवस्था सिर्जना गर्नु ।

### ३.२.५ अवसरहरुः

- आधारभूत तहका विद्यार्थीहरुका लागी छात्रवृतिको व्यवस्था हुनु ।
- शिक्षक तालिमको व्यवस्था रहेको ।
- पालिकाले स्वयंसेवक शिक्षक दरबन्दी कोटाको व्यवस्था गरेको ।
- अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता भएको ।
- कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनका क्रममा रहेको ।
- संविधानले नै स्थानीय सरकारलाई आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा जिम्मेवारी प्रदान गरेको ।

### ३.२.६ चुनौतीहरुः

- आधारभूत तहमा सबै बालवालिकाको पहूँच तथा सहभागिताको सुनिश्चित गर्ने,
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- आधारभूत तहका बालवालिकाहरुको शिक्षाको गुणस्तरमा सुधार गर्दै सिकाइ उपलब्धिमा सुधार गर्ने,

- आधारभूत तहका विद्यालयहरुको भौतिक संरचनामा सुधार गरी बालमैत्री सिकाइ वातावरणको सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्दै शिक्षकहरुको पेशागत दक्षतामा सुधार गर्ने,
- आधारभूत विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै तिनीहरुको शैक्षिक स्तरमा सुधार गर्ने,
- सम्पूर्ण रुपमा विषयगत शिक्षक दरबन्दीको प्रबन्धसहित योग्य र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,
- शिक्षकहरुको वृति विकासलाई नतिजामा आधारित गरी व्यवस्थित गर्ने,
- विद्यार्थीहरुको मूल्याङ्कनलाइ सिकाइ क्रियाकलापमा आधारित गरी आधारभूत तहको परीक्षा प्रणालीलाई विश्वसनीय र वैध बनाउने,
- विशेष बालबालिका तथा अपाङ्गता भएका बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चितता गर्ने ।

### ३.२.७ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| प्रचलित मापदण्डबमोजिम आधारभूत तहको विद्यालयको समायोजन गरी सबै बालवालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गरिनेछ । | कार्यविधि निर्माण गरी स्थलगत अनुगमन निरीक्षण गरी आवश्यकता अनुसार विद्यालय समायोजन गरिनेछ । |
| आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क गरी प्रभावकारी कार्यान्वयन गरिने छ । | विद्यार्थी संख्या तथा शिक्षक अनुपातको आधारमा दरबन्दी वितरण समायोजन गरिनेछ । |
| एकवडा एक नमूना आधारभूत बिद्यालय अवधारण कार्यान्वयनमा ल्याई कार्यान्वयन गरिनेछ । | नमूना शैक्षिक संस्थासम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| आधारभूत तहमा सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम सञ्चालन गरिने छन । | अभिभावकविहीन बालवालिकाहरुलाई पालिकामार्फत अभिभावकत्व ग्रहणका लागि पहल गरी शिक्षालाई निरन्तरता दिइनेछ । |
| विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ । | विद्यार्थीलाई प्रोत्साहन गर्न दिवा खाजा तथा अन्य व्यवस्थापन गरिनेछ । |
| विद्यार्थी उपस्थिति दरलाई वृद्धि तथा विद्यार्थीको शैक्षिक प्रगति विवरण उपलब्ध गराइनेछ । | अभिभावक शिक्षा, भेटघाट, अन्तरक्रिया कार्यक्रम तथा जीवन उपयोगी सीपसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । |
| जेहन्दार तथा सीमान्तकृत बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याईनेछ । | जेहन्दार तथा सीमान्तकृत बालबालिकाहरुको तथ्याङ्क संकलन गरी प्रोत्साहन तथा पहुँचको सुनिश्चितता गरिनेछ । |
| शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिने छ । | शिक्षकको क्षमता विकास गर्न शिक्षक तालिम तथा थप योग्यता हासिल गर्न प्रोत्साहित गरिनेछ । |
| एकीकृत पाठ्क्रम प्रभावकारी रुपमा कार्यान्वयनका गरिने छ । | सम्बन्धित शिक्षकहरुलाई तालिम तथा प्रवोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| बालमैत्री बसाई व्यवस्थापन तथा छापामय कक्षाकोठाको व्यवस्था मिलाईने छ । | कक्षा१ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन तथा छापामय सामग्रीहरु निर्माण गरी कक्षाकोठाको व्यवस्थापन गरिनेछ । |
| बालबालिकाको सिकाइ स्तर वृद्धि गरिनेछ । | थप अध्ययन तथा सिकाइका लागि सन्दर्भसामग्री सहितको निदानात्मक शिक्षण विधिबाट शिक्षण तथा दिवा आवासीय कक्षाको व्यवस्था गरिने छ । |
| मापदण्ड बमोजिमका कक्षागत पुस्तकालयको स्थापना गरिनेछ । | प्रारम्भिक कक्षामा कक्षागत सामग्रीसहितको पुस्तकालयको व्यवस्था गरी बालबालिकालाई पढाइको अवसर प्रदान गरिनेछ । |
| शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरिनेछ । | पाठ्यक्रममा आधारित रही स्थानीय शैक्षिक सामग्री निर्माण गरी शिक्षण सिकाई गरिनेछ । |
| सूचना, प्रविधि तथा सञ्चारको न्यूनतम सुविधा उपलब्ध गराइनेछ । | आवश्यकतानुसार सूचना प्रविधिका सामग्री र भौतिक संरचनाको व्यवस्था गरिनेछ । |
| बालबालिकालाई जीवन उपयोगी सीपसहितको शिक्षा प्रदान गरिनेछ । | सैद्धान्तिक ज्ञानलाई व्यावहारिक जीवनमा लागु गर्ने पहल गरिनेछ । |
| कक्षा १- ८ को स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ । | पालिकस्तरमा विज्ञ समूह निर्माण गरी पाठ्यक्रम निर्माण गरिनेछ । |
| कक्षा३सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने | |
| विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने । | |
| शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने । | |

### ३.२.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**आधारभूत तहको शिक्षा तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | सूचकहरु | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्याइका आधारहरु |
|---|---|---|---|---|---|
| पहुँच, अवसर तथा समतामा सुधार भएको | सबै बालबालिका विद्यालय भर्ना भएका हुने । | कुल तथा खुद भर्नादर बालबिकासको अनुभव प्राप्त बालबालिकाको भर्ना विद्यालयको सुरक्षित वातावरण सिर्जना | भर्ना अभियान आवश्यताअनुसार मापदण्डका आधारमा कक्षाकोठा निर्माण | १२०० जना ५ वर्षका बालबालिकाहरु कक्षा १ मा भर्ना हुनेछन् । | इमिस तथ्याङक, हाजिर रजिष्टर अनुगमन प्रतिवेदन |
| | असमानता घटाई सबैका लागि अवसर सृजना भएको | कक्षा ८ को टिकाउ दर | निःशुल्क पाठ्यपुस्तक वितरण | विद्यालय बाहिर रहेका बालबालिका १००प्रतिशत विद्यालय भर्ना हुने । | |
| | जोखिम तथा अपाङगता भएका बालबालिका शिक्षामा पहुँच सुनिश्चित भएको | | जेखिममा विद्यालय बाहिर रहेका बालबालिकालाई मूलधारमा ल्याउने | जोखिम तथा अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना हुने | |
| | शत प्रतिशत विद्यालयमा सुरक्षित तथा बालमैत्री विद्यालय वातावरणको व्यवस्था भएको | | | | |
| | अधारभूत तह पूरा गर्ने बालबालिकामा वृद्धि | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अनिवार्य तथा निःशुल्क पहुँच र सहभागिताको सुनिश्चित भएको | आधारभुत तहको शिक्षा निःशुल्क तथा अनिवार्य गरिएको | कुल भर्नादर<br>सबै बालबालिकाले निःशुल्क शिक्षा पाएको हुने | निःशुल्क पठनपाठनको व्यवस्था | आधारभुत तहको सबै बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने | इमिस तथ्याङक, |
| | बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री प्रदान | टिकाउ दर | छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग | सबै बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराइने | |
| | | | | ५० जना जोखिम तथा जेहेन्दार बालबालिकालाई शैक्षिक सामग्री सहयोग | |
| न्युनतम सिकाइ उपलब्धिमा सुधार भएको । | वर्तमान सिकाइ उपलब्धिमा वृद्धि भएको | विषयगत सिकाइ उपलब्धि | पढाइका लागि सामग्री विकास तथा वितरण गर्ने | २५ वटा विद्यालयलाई बुक कर्नरका लागि सहयोग | हाजिर रजिष्टर इमिस तथ्याङक, हाजिर रजिष्टर |
| | प्रारम्भिक कक्षा पढाई सीपको अभिवृद्धि भएको | प्रारम्भिक बालबालिकाको पठन सीपमा सुधार भएको | कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण गर्ने | सबै कक्षा १ देखि ३ सम्मका विद्यालयमा बसाई व्यवस्थापन कार्पेट साथै अन्य सामग्री सहयोग गर्ने | |
| | बालबालिकाको वर्तमानको टिकाउमा वृद्धि भएको | टिकाउ दरमा वृद्धि | कक्षा १ देखि ३ ५ र ८ मा स्तरीकरण सिकाई मुल्याङकन गर्ने | २० वटा विद्यालयमा शैक्षिक सामग्री सहयोग गर्ने | |
| | बालबालिकाको विद्यालयमा उपस्थिति दरमा वृद्धि भएको | कक्षाकोठाको उपस्थितिमा वृद्धि | बसाइ व्यवस्थापनको लागि कार्पेट तथा अन्य सामग्री सहयोग | ३०० जना बालबालिकाहरुलाई जीवन उपयोगी शिक्षा प्रदान गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाहरुमा जीवनउपयोगी सीपको जानकारी भएको | बालबालिकाको सिकाइमा वृद्धि | कमजोर बालबालिकालाई थप उपचारात्मक कक्षा सञ्चालन गर्ने । | प्रारम्भिक कक्षामा शैक्षिक सामग्रीको व्यवस्थापन । | |
| | बालमैत्री कक्षा व्यवस्थापन भएको | शैक्षिक सामग्रीको प्रशस्त पहुँच तथा सिकाइ क्रियाकलाप गरेको | | | |
| शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको | कक्षाकोठामा उपस्थिति कार्यसम्पादनमा सुधार हुने । शिक्षकको शिक्षण कार्यमा सुधार भएको | शिक्षकले कक्षा कोठामा बिताउने समय पाठयोजना बनाई प्रयोग गरेको तालिम प्राप्त शिक्षकको संख्या बालबालिकाको सिकाइ उपलब्धि | क्षमता विकास तालिम विषयगत शिक्षकसंग अन्तरक्रिया । | कक्षा १ देखि ३ सम्मका ५० जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम प्रदान । | इमिस तथ्याङ्क, |
| | विद्यालयमा बालमैत्री, भय, डर, त्रास तथा विभेदरहित वातावरण भएको । | | | मनोसामाजिक परामर्श सम्बन्धी तालिम, पाठ्यक्रम तथा निर्देशिकाको उपलब्धता | |
| सूचना प्रविधि मार्फत शिक्षण क्रियाकलापमा वृद्धि तथा पहुच विस्तार भएको । | कक्षाकोठमा सूचना प्रविधि मार्फत पठन पाठन । | सिकाई क्रियाकलापमा ICT को प्रयोग | शिक्षकलाई सूचना प्रविधि सम्बन्धी तालिम उपलब्ध गराउने । | सबै विद्यालयमा नवीनतम प्रविधिबाट पढाइ भएको हुने । | |
| | विद्यालयमा ICT जडान तथा प्रयोग | | | विद्यालयमा इन्टरनेट तथा विधुतको उपलब्धता हुने । | |
| | विद्यालयमा विद्युतीय पुस्तकालय भएको । | | | | |
| | बालबालिकाको ICT पठनपाठनमा पहुँच भएको | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | ५ बर्षमा १ पटक | | | | | | | | स्थानीय तह | |
| २ | विद्यालयमा मापदण्ड अनुसार विषयगत शिक्षकको व्यवस्थापन | जना | | ५ | ५ | ५ | ५ | २० | | स्थानीय तह | |
| ३ | नमूना आधारभूत विद्यालय निर्माणका लागि निर्देशिका तथा कार्यक्रम | ५ बर्षमा १ पटक | | | | | | | | स्थानीय तह | |
| ४ | सबै बालबालिकाको विद्यालयमा पहुँच वृद्धिका लागि सघन रुपमा भर्ना अभियान सञ्चालन | नियमित रुपमा प्रत्येक वर्ष | | | | | | | | स्थानीय तह | |
| ५ | एकीकृत पाठ्यक्रम थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान | एक विद्यालय १ जना | | | | ४९ | ४९ | | | संघ, प्रदेश र स्थानीय तह | |
| ६ | आधारभुत तहमा कक्षा ४ देखि ८ सम्म मागमा आधारित तालिम संचालन | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ, प्रदेश र स्थानीय तह | |
| ७ | विद्यालयको भवन, फर्निचर घेराबार निर्माणमा सहयोग | २ वटा | | | | १ | १ | २ | | संघ, प्रदेश र स्थानीय तह | |
| ८ | शौचालय तथा खानेपानीको व्यवस्था | १० वटा | २ | २ | २ | २ | २ | १० | | संघ, प्रदेश र स्थानीय तह | |
| ९ | सबै बालबालिकालाई पाठ्यपुस्तक र केहीलाई अभ्यास पुस्तिका उपलब्ध गराउने | नियमित रुपमा | | | | | | २०० | | संघ, प्रदेश र स्थानीय तह | |
| १० | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि स्रोत व्यक्ति उत्पादन | ५ जना | | | ३ | | | | | स्थानीय तह | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | नियमित रुपमा | | | | | | | | स्थानीय तह | |
| १२ | आधारभूत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम Grant budget सहयोग गर्ने । | ४ वटा विद्यालय | | १ | १ | १ | १ | ४ | | संघ, प्रदेश र स्थानीय तह | |
| १३ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग । | नियमित रुपमा | | | | | | | | संघ, प्रदेश र स्थानीय तह | |
| १४ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सिप परीक्षण गर्ने (CB–EGRA) | नियमित रुपमा | | | | | | | | सशर्तको बजेट, झ्न्चए न्युनतम प्याकेज | |
| १५ | कक्षा १ देखि ५ सम्म का विद्यालयहरुलाई पुस्तकालयका लागि सहयोग गर्ने । | सबै विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ वटा विद्यालय | | सशर्त अन्तरगतको बजेट | |
| १६ | प्र.अ.द्धारा कक्षा अनुगमन । | नियमित रुपमा | | | | | | | | स्थानीय तह | |
| १७ | कक्षा ६ देखि ८ सम्मका बालबालिकालाई जीवन उपयोगी शिक्षा दिने । | नियमित रुपमा | | | | | | | | स्थानीय तह, विद्यालय | |
| १८ | शिक्षकको पुर्नताजगी तालिम संचालन गर्ने । | ८० जना | २० | २० | २० | २० | २० | ८० जना | | संघ, प्रदेश र स्थानीय तह | |
| १९ | वि.व्य.स., प्र.अ. र अभिभावकहरुलाई अभिमुखीकरण | वर्षको १ पटक सबै विद्यालयलाई | | | | | | | | स्थानीय तह | |
| २० | लेखा र आई.सि.टी. तालिम संचालन | सबै विद्यालयलाई १ पटक | | | | | | | | संघ, प्रदेश र स्थानीय तह | एक जना प्रत्येक विद्यालयवाट |
| २१ | स्थानीय पाठ्यक्रम निर्माण कक्षा १देखि ८ | १ पटक | | | | | | | | स्थानीय तह | |

## आधारभूत शिक्षाका लागि आवश्यक बजेट

| क्र.सं | प्रमुख क्रियाकलापहरु | बजेट विवरण (रु. हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | ५० | | ५० | | | | | |
| २ | विद्यालयमा मापदण्ड अनुसार विषयगत शिक्षकको व्यवस्थापन | ९५०० | १५०० | २००० | २००० | २००० | २००० | संघ, प्रदेश र स्थानीय तह | |
| ३ | नमुना आधारभूत विद्यालय निर्माणका लागि निर्देशिका तथा कार्यक्रम | ५० | | ५० | | | | स्थानीय तह | |
| ४ | सबै बालबालिकाको विद्यालयमा पहुँच वृद्धिका लागि सघन रुपमा भर्ना अभियान सञ्चालन | | | | | | | स्रोत नचाहिने | |
| ५ | एकीकृत पाठ्यक्रम थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान (प्रवोधीकरण) | २०० | | १०० | १०० | | | संघ, प्रदेश र स्थानीय तह | |
| ६ | आधारभूत तहमा कक्षा ४ देखि ८ सम्म मागमा आधारित तालिम सञ्चालन | २५० | | १०० | १५० | | | संघ, प्रदेश र स्थानीय तह | |
| ७ | विद्यालयको भवन, फर्निचर घेराबार निर्माणमा सहयोग | ५००० | | २५०० | | २५०० | | संघ, प्रदेश र स्थानीय तह | |
| ८ | शौचालय तथा खानेपानीको व्यवस्था | ७००० | १४०० | १४०० | १४०० | १४०० | १४०० | संघ, प्रदेश र स्थानीय तह | |
| ९ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | ३५०० | | | | | | संघ, प्रदेश र स्थानीय तह | नियमित रुपमा |
| १० | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि स्रोत व्यक्ति उत्पादन | ३०० | | १०० | १०० | १०० | | संघ, प्रदेश र स्थानीय तह | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग । | | | | | | | स्रोत नचाहिने | |
| १२ | आधारभूत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम उत्कृष्ट विद्यालय छनौट न्चबलत दगमनभत सहयोग गर्ने । | ८०० | | २०० | २०० | २०० | २०० | संघ, प्रदेश र स्थानीय तह | |
| १३ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग । | ३००० | | | | | | संघ, प्रदेश र स्थानीय तह | बार्षिक रुपमा |
| १४ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सिप परीक्षण गर्ने (CB–EGRA) | ४५०० | | | | | | संघ, प्रदेश र स्थानीय तह | बार्षिक रुपमा |
| १५ | कक्षा १ देखि ५ सम्म का विद्यालयहरुलाई पुस्तकालयका लागि सहयोग गर्ने । | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | संघ, प्रदेश र स्थानीय तह | |
| १६ | स्थानीय रोस्टर तथा प्र.अ. द्धारा कक्षा अनुगमन । | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र स्थानीय तह | |
| १७ | कक्षा ६ देखि ८ सम्मका बालबालिकालाई जीवन उपयोगी शिक्षा दिने । | | | | | | | स्रोत नचाहिने | |
| १८ | शिक्षकको पुर्नताजगी तालिम संचालन गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र स्थानीय तह | |
| १९ | वि.व्य.स., प्र.अ. र अभिभावकहरुलाई अभिमुखीकरण | १००० | २००० | २००० | २००० | २००० | २००० | संघ, प्रदेश र स्थानीय तह | |
| २० | लेखा र आई.सि.टी. तालिम संचालन | ३०० | १५० | | | १५० | | संघ, प्रदेश र स्थानीय तह | |
| २१ | स्थानीय पाठ्यक्रम निर्माण कक्षा १ देखि ८ | ५०० | ५०० | | | | | स्थानीय तह | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

समयको परिवर्तन सँगै नेपालको शिक्षाको तहगत संरचनामा पनि समय समयमा परिवर्तन भएता पनि हाल विद्यालय तहको संरचनाअनुसार आधारभूत तह र माध्यमिक तह गरी दुई संरचनामा रहेको छ। जसमा कक्षा १-८ लाई आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तहको रुपमा वर्गीकरण गरिएको छ । माध्यमिक शिक्षाले मालमिक तहका विद्यार्थीलाई आत्मविश्वास, नैतिकवान, चरित्रवान, इमान्दारिता, लोकतान्त्रिक आचरण भएका, राष्ट्रिय एकताको भाव, बहुसांस्कृतिक, मूल्यमान्यता, विविधता प्रति सचेत, राष्ट्रिय आदर्श बन्न सक्ने, शान्ति मानवअधिकार, दिगो विकास, पर्यावरणीय सनतुलन, द्वन्द व्यवस्थापन र विपद व्यवस्थापनप्रति सचेत र जिम्मेवार, सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त, ज्ञान र प्रविधिले युक्त, राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने, व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने समस्याहरुसँग जुध्नसक्ने, अरुको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील नागरिक तयार पार्ने उद्देश्य रहेको छ ।

### ३.३.२ वर्तमान अवस्थाः

छबिसपाथिभेरा गाउँपालिकामा माध्यमिक तह अन्तरगत कक्षा १–१० सञ्चालन भएका विद्यालय ८ वटा, कक्षा १–१२संचालन भएका ५ वटा शिक्षा प्रदायक संस्था रहेका छन् । शैक्षिक सत्र २०७९ अनुसार माध्यमिक तहमा जम्मा १, ३५८ जना बालवालिका अध्ययनरत छन, जसमा ७४९ छात्रा ६०९ छात्र रहेको छन् ।

माध्यमिक तह ९ देखि १२ कक्षामा खुद भर्नादर ५द्ध.ज्ञ र कुलभर्नादर ठ९.ज्ञ रहेको छ। लैङ्गिक समता सूचकाङ्क ०.९४ रहेको छ। कक्षा १० को टिकाउ दर ७३ प्रतिशत रहेको छ। महिला शिक्षक १३.४६प्रतिशत रहेको छ।

### ३.३.३ लक्ष्यः

बालबालिकाहरुलाई निःशुल्क, समतामूलक, गुणस्तरीय, शिक्षा प्रदान गरी प्राविधिक तथा साधारण तर्फको उच्च शिक्षाको लागि तयार पार्ने ।

### ३.३.४ उद्देश्यहरुः

- माध्यमिक शिक्षामा विद्यार्थीहरुको पहुँच वृद्धि गरी नैतिकवान्, व्यावहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।
- माध्यमिक तहको शिक्षा अनिवार्य गरी प्रभावकारी कार्यान्यन गरी सबै बालवालिकाको गुणात्मक शिक्षामा पहुँचको सुनिश्चितता गर्नु ।
- बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि वृद्धिको सुनिश्चितता गर्नु ।
- विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित गर्नु ।
- माध्यमिक तहसम्मका सबै विद्यालयमा विज्ञान तथा सूचना प्रविधियुक्त प्रयोगशालाको स्थापना गर्ने ।
- सरोकारवालाहरुलाई विद्यालयप्रति जिम्मेवार बनाई उत्तरदायी बनाउनु ।
- गुणस्तरीय, प्राविधिक, व्यावसायिक तथा वैज्ञानिक र सान्दर्भिक शिक्षाको सुनिश्चित गर्नु ।

### ३.३.५ अवसरहरुः

- विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तकको वितरण हुनु ।
- माद्यमिक तहमा विद्यार्थीको सहज पहुँच ।
- विद्यालयमा पर्याप्त संख्यामा विद्यार्थी भर्ना हुनु ।
- गाउँपालिका मार्फत् आवश्यकताका आधारमा स्वयंसेवक शिक्षक अनुदान कोटा उपलब्ध गराउनु ।
- माद्यमिक तहका सीमान्तकृत विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था हुनु ।
- विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि र पुस्तकालय व्यवस्थापनका लागि बजेट विनियोजन हुनु ।
- दक्ष, अनुभवी तथा तालिम प्राप्त शिक्षकद्वारा शिक्षण गरिनु ।
- प्राविधिक शिक्षाको उपलब्धता ।
- अनिवार्य शिक्षाको सुनिश्चितता भएको ।
- दृष्टिबिहीन विद्यार्थीहरुका लागि आवसीय शिक्षाको प्रबन्ध हुनु ।
- अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री शौचालयसहितका विद्यालय भवन हुनु ।
- संविधानले नै स्थानीय सरकारलाई आधारभूत तथा माद्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा जिम्मेवारी प्रदान गरेको ।
- अतिरिक्त क्रियाकलापमा सहजता ।

### ३.३.६ चुनौतीहरुः

- तहगत विषयगत शिक्षकको अभाव हुनु ।
- आवश्यकताअनुसार छात्रावास, कक्षाकोठा, प्रयोगशाला, खेलमैदान, खानेपानी, पुस्तकालयको अभाव ।
- बालबालिकाको सिकाइ उपलब्धि न्यून हुनु ।
- जोखिमका दृष्टिले संरचनाहरु असुरक्षित रहेको ।
- विद्यालयको भौतिक संरचना सनतोषजनक नहुनु ।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी कम हुनु
- शिक्षक, विद्यार्थी तथा अभिभावकहरु जिम्मेवारीबोधको कमी हुनु ।
- विद्यार्थी उपस्थिति दरमा अनियमितता हुनु ।
- विशेष बालवालिका तथा अपाङ्गता भएका बालवालिकाका लागि विद्यालयको पहुँच कम हुनु ।
- शिक्षकहरुलाई समयानुकूल तालिम वा पेशागत सहयोगको अभाव ।
- शिक्षकहरुलाई प्रविधियुक्त सिकाइसँग जोड्न नसक्नु ।
- विद्यालयभित्र चमेनागृहको व्यवस्था गर्न नसक्नु ।
- विद्यार्थीको नियमित स्वास्थ परीक्षणको व्यस्था नहुनु ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ संस्थाको विकासप्रति उत्तरदायी नहुनु ।

- समय समयमा अनुगमन तथा सुपरीवेक्षण नहुनु ।
- विद्यालयमा भरपर्दो इन्टरनेटको पहुँचमा कमी हुनु ।
- वैकल्पिक शिक्षण सिकाइ सञ्चालनमा कठिनाई हुनु ।
- संविधानले स्थानीय सरकारलाई प्रदान गरेको आधारभूत तथा माद्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा जिम्मेवारी कार्यान्वयनमा कठिनाइ हुनु ।

### ३.३.७ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| माध्यमिक तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चितत गरिनेछ । | वस्तुस्थितिको अध्ययन गरी आवश्यकतानुसार विद्यालयमा शिक्षकको व्यवस्थापन गर्ने । |
| दुर्गम तथा अपाङ्गता भएका बालबलिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्थापन । | आवश्यक विद्यालयमा आवासीय भवनहरु निर्माण गर्न पहल गर्ने । |
| बालमैत्री, अपाङ्गमैत्री, समावेशी तथा सुरक्षित भौतिक संरचना निर्माण । | भवन आचार संहिताबमोजिम भवन निर्माण तथा पुराना भवनहरु प्रबलीकरण गर्ने । |
| विषयगत तथा तहगत शिक्षकको व्यवस्थापन गर्ने । | दरबन्दी मिलान तथा थप दरबन्दी सृजना गर्ने । |
| विद्यार्थी र शिक्षकको उपस्थिति वृद्धिदर सुनिश्चित गर्ने । | अभिभावक, शिक्षक, विव्यसलाई जवाफदेही बनाउने। |
| बालवालिकाहरुको सिकाइ उपलब्धि बृद्धि गर्ने । | थप कक्षाहरु संचालन गरी निर्माणात्मक मूल्याङ्कन विधि कार्यान्वयन गर्ने । |
| शिक्षकको पेशागत सहयोग तथा क्षमता अभिवृद्धि गर्ने । | विषयगत विज्ञ समूह परिचालन गरी क्षमता अभिवृद्धि गर्ने । |
| प्रविधिमैत्री सिकाइ अवलम्बन गर्ने । | शिक्षकहरुलाई सूचना प्रविधि तालिमा तथा आवश्यक सामग्री व्यवस्थापन गर्ने । |
| नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने । | कार्ययोजना बनाई सरोकारवालाबाट स्थलगत कक्षा अवलोकन गर्ने । |
| वैकल्पिक शिक्षण सिकाइलाई निरन्तरता दिने । | शिक्षक तथा विद्यार्थीको प्रविधिमा पहुँचका लागि कार्ययोजना बनाई स्रोतको परिचालन गर्ने । |
| विद्यालयभित्र गुणस्तरीय चमेनागृह व्यवस्थापन गर्ने । | विद्यालयले चमेनागृहको व्यवस्था गर्ने । |
| विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | स्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकीसँग समन्वय गरी नियमित स्वास्थ्य जाँचको व्यवस्था गर्ने । |

### ३.३.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**माध्यमिक शिक्षाको तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | सुचकहरु | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्टयाइका आधारहरु |
|---|---|---|---|---|---|
| पहुँचमा सुधार भएको | • समुदायमा सबै बालवालिकालाई विद्यालय भर्ना हुनका लागि अभिभावकरुलाई सूचना संप्रेषण<br>• उमेर समूहका सबै बालवालिकाहरु विद्यालयमा भर्ना भएको<br>• विद्यालयमा पर्याप्त सुरक्षित भवनको व्यवस्थापन<br>•विद्यालयमा सबै बालवालिकालाई सूचना प्रविधिको पहुँच<br>• सबै माद्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने | • कुल भर्नादर<br>• खुद भर्नादर<br>• टिकाउ दर | • भर्ना अभियान<br>• सीमान्तकृत बालवालिकालाई छात्रवृत्ति सहयोग<br>• भौगोलिक विकटतामा भएका बालवालिकाहरुलाई छात्रावास व्यवस्थापन<br>• न्युनतम सुविधा सम्पन्न कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, चमेनागृहको व्यवस्था<br>• सूचना प्रविधिमा पहुँचको व्यवस्था<br>• विद्यालयका आधारभूत मापदण्ड निर्माण तथा कार्यान्वयन | • उमेर समुहका सबै बालवालिका विद्यालयमा भर्ना<br>• छात्रवृत्ति तथा छात्रावासको व्यवस्था भएको ।<br>• आधारभूत सेवा तथा सुविधाहरु विद्यालयमा उपलब्ध ।<br>• सूचना प्रविधियुक्त सिकाइ क्रियाकलाप सञ्चालन भएको । | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, IEMIS प्रतिवेदन, सामाजिक परीक्षण, आधारभूत सेवासहितको विद्यालयको प्रतिवेदन |
| गुणस्तरीय व्यावसायिक तथा प्राविधिक शिक्षाको विस्तार | • प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालित विद्यालयको सुदृढीकरण भएको<br>• आवश्यक मापदण्ड पुरा गरेका विद्यालयमामा प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार भएको<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त जनशक्तिको व्यवस्थापन भएको | • प्राविधिक शिक्षा प्रदायक विद्यालय<br>• तोकिएको संख्यामा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थी | • सम्बन्धन हासिल गर्ने<br>• पुर्वाधार तयार<br>• जनशक्ति व्यवस्थापन<br>• समुदायमा सूचना | • ५ वटा विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन<br>• ५०० जना मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन आंगिक प्राविधिक शिक्षालय स्थापना | विद्यालय प्रतिवेदन, प्राविधिक विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक तह पूरा गरेका बालवालिकाको संख्या वृद्धि | • भर्ना भएका सबै बालवालिका माध्यमिक तह पार गर्ने | • विद्यालय/ बोर्डको नतिजा<br>• प्रमाणपत्र | • कक्षा १० र १२ पार गरेका विद्यार्थीहरुको परिमाणात्मक विवरण संकलन तथा अद्यावधिक गर्ने | •सबै बालवालिकाहरुले तह पार गरी प्रमाण पत्र हासिल गरेको | विद्यालय प्रतिवेदन नतिजा |
| शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको | • शिक्षकहरुको पेशागत दक्षता वृद्धि<br>• माथिल्लो शैक्षिक योग्यता हासिल<br>• विभिन्न तालिम, गोष्ठी, सेमीनार, वेबिनारमा सहभागिता<br>• कक्षाकोठामा प्रविधिको प्रयोग<br>• कक्षाकोठामा बिताएको समय | • तालिम सञ्चालन तथा सहभागिता<br>• योग्यता प्रमाणपत्र | • शिक्षकलाई थप योग्यता हासिलका लागि प्रोत्साहन तथा सुविधा प्रदान गर्ने<br>• तालिम गोष्टी सञ्चालन<br>• तालिम प्राप्त रोष्टरको निर्माण<br>• विषयगत विज्ञ समूह निर्माण | • कम्तीमा ५० प्रतिशत शिक्षकहरु माथिल्लो योग्यता हासिल गरेको ।<br>• प्रत्येक वर्षमा पालिकाद्धारा तालिम गोष्टी आयोजना | रोष्टर समुह निर्माण तालिम सञ्चालन |
| बालबाललिकाको सिकाइ उपलब्धिमा वृद्धि | • मापदण्डबमोजिमको सिकाई उपलब्धि हासिल<br>• प्राप्त ज्ञान र सीपलाई व्यावहारिक जीवनमा प्रयोग गरेको । | • नतिजाहरु | • निर्माणात्मक मूल्याङ्कन<br>• निदानात्मक मुल्याङ्कन<br>• जीवनोपयोगी सीप प्रदान | • राष्ट्रिय मापदण्ड भन्दा अनुसारको सिकाइ उपलब्धि हासिल | सिकाइ उपलब्धि प्रतिवेदनव्यवहार अवलोकन तथा छलफल |
| प्रविधियुक्त शिक्षण | • शिक्षक तथा विद्यार्थीको प्रविधिमा पहाच<br>• सूचना प्रविधिमा प्रयोग हुने सामग्रीको जडान<br>• सूचना प्रविधिको प्रयोग गर्ने जनशक्ति वृद्धि | • विद्यालय प्रतिवेदन<br>• कक्षाकोठामा प्रयोग | • सबै विद्यालयमा कम्तीमा एक ICT शिक्षक<br>• प्रविधि प्रयोगबारे शिक्षकलाई तालिम<br>• प्रविधिमा शिक्षकहरुलाई पहुँच<br>• विद्यार्थीलाई प्रविधियुक्त सिकाईका लागि तयार पार्ने<br>• आवश्यक सामग्री जडान | • ICT शिक्षकको व्यवस्थापन<br>• सबै शिक्षकहरु प्रविधिको प्रयोग गरी शिक्षण गर्ने ।<br>• उपलब्धिमूलक शिक्षण | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयारी | पटक | १ | १ | | |
| २ | विद्यालय सेवा क्षेत्र पहिचान गरी सेवा क्षेत्रका बालवालिकाहरुको पूर्ण रुपमा भर्नाको सुनिश्चितता गर्ने | नियमित रुपमा प्रत्येक बर्ष | | | | |
| ३ | सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम | नियमित रुपमा प्रत्येक बर्ष | | | | |
| ४ | सीमान्तकृत बालवालिकालाई छात्रवृत्ति सहयोग | जना | २० | २० | | |
| ५ | छात्रावास भवनको व्यवस्थापन | वटा | १ | १ | | |
| ६ | विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन | वटा | ३ | ७ | | |
| ७ | डिजिटल पुस्तकालय स्थापना तथा व्यवस्थापन | वटा | २ | ७ | | |
| ८ | सूचना प्रविधिमैत्री विद्यालय स्थापना तथा व्यवस्थापन | वटा | २ | ५ | | |
| ९ | न्यूनतम सुविधा सम्पन्न कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, चमेनागृहको व्यवस्था | वटा | २ | ५ | | |
| १० | प्राविधिक शिक्षाका लागि आवश्यक पूर्वाधार तयार र प्राविधिक विद्यालय स्थापना | वटा | १ | १ | | |
| ११ | कक्षा १० र १२ पार गरेका विद्यार्थीहरुको परिमाणात्मक विवरण संकलन तथा अद्यावधिक | नियमित रुपमा प्रत्येक बर्ष | | | | |
| १२ | शिक्षकको पेशागत विकास तथा उच्च शिक्षा प्रदानका लागि अवसर | जना | ५ | ५ | | |
| १३ | विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थापन | नियमित रुपमा प्रत्येक बर्ष | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | बालवालिकालाई जीवनउपयोगी सीप प्रदान | नियमित रुपमा<br>प्रत्येक बर्ष | | | | |
| १५ | लेखा र आई.सि.टी. तालिम सञ्चालन | सबै विद्यालयलाई | | | | |
| १६ | विषयगत शिक्षक दरबन्दी थप तथा सिर्जना | सबै विद्यालय | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु.हजारमा | | | | | | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | निःशुल्क माद्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयारी | ५०० | | ५०० | | | | |
| २ | विद्यालय सेवा क्षेत्र पहिचान गरी सेवा क्षेत्रका बालबालिकाहरुको पूर्ण रुपमा भर्नाको सुनिश्चिता गर्ने | १० | | २ | २ | २ | ४ | |
| ३ | सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम | २०० | | ५० | ५० | ५० | ५० | |
| ४ | सीमान्तकृत बालवालिकालाई छात्रवृत्ति सहयोग | २०० | | ५० | ५० | ५० | ५० | |
| ५ | छात्रावास भवनको व्यवस्थापन | १०००० | | | १०००० | | | |
| ६ | विज्ञान प्रयोगशाला स्थापना तथा ब्यावस्थापन | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | |
| ७ | डिजिटल पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | |
| ८ | सूचना प्रविधिमैत्री विद्यालय (ICT) | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | |
| ९ | न्यूनतम सुविधा सम्पन्न<br>कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, चमेनागृहको व्यवस्था | २०००० | | ५००० | ५००० | ५००० | ५००० | |
| १० | प्राविधिक शिक्षाका लागि आवश्यक पूर्वाधार तयार र प्राविधिक विद्यालय स्थापना | १०००० | | | | | १०००० | |
| ११ | कक्षा १० र १२ पार गरेका विद्यार्थीहरुको परिमाणात्मक विवरण सङ्कलन तथा अद्यावधिक | ५० | | १० | १० | १० | २० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षकको पेशागत विकास तथा उच्च शिक्षा प्रदानका लागि अवसर | ७५०० | | | २५०० | २५०० | २५०० | |
| १३ | विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थापन | ५००० | १००० | १००० | १००० | १००० | १००० | |
| १४ | बालबालिकालाई जीवनउपयोगी सीप प्रदान | | | | | | | |
| १५ | लेखा र आई.सि.टी. तालिम सञ्चालन | ३०० | | १५० | | | १५० | |
| १६ | विषयगत शिक्षक दरबन्दी थप तथा सिर्जना | ९००० | | ३००० | ३००० | २००० | १००० | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

निश्चित पेसा वा व्यवसाय सम्बन्धी ज्ञान, सीप प्रदान गरी व्यवसाय सञ्चालन गर्ने शिक्षा प्राविधिक शिक्षा हो । आजको समाज विज्ञान र प्रविधिको युगमा अडिएको छ । सैद्धान्तिक, किताबी ज्ञानको सट्टामा जीवनोपयोगी तथा व्यावहारिक ज्ञानसहितको शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले यो शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमले न्यून, मध्यम तथा उच्चस्तरका दक्ष जनशक्ति उत्पादन गर्ने गरेको छ ।

### ३.४.२ बर्तमान अवस्था

यस छबिसपाथिभेरा गाउँपालिकामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाएर हाल प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङ्ग अन्तर्गत कक्षा ९-१२ सञ्चालित एउटा विद्यालय श्री बान्नीचौर माद्यमिक विद्यालय रहेको छ ।

### ३.४.३ लक्ष्य

बालबालिकाहरुलाई निःशुल्क, गुणस्तरीय र समानतामूलक शिक्षा प्रदान गरी प्राविधिक तर्फको उच्च शिक्षाका लागि तयार गर्नुको साथै आत्मनिर्भर र स्वरोजगार नागरिकको उत्पादन गर्ने ।

### ३.४.४ उद्देश्यः

- प्रविधि, सीपयुक्त, नैतिकवान तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु ।
- छोटो तथा लामो अवधिका आयमुलक तालिमहरु सञ्चालन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।
- प्राविधिक शिक्षाको विस्तार गरी सबै बालबालिकाको प्राविधिक धारको शिक्षामा पहुँच भएको सुनिश्चित गर्नु ।
- श्रमप्रति विश्वास गरी आत्मनिर्भर नागरिक उत्पादनमा प्रेरित गर्नु ।

### ३.४.५ चुनौतीहरु:

- प्राविधिक शिक्षामा पर्याप्त लगानी नगर्नु ।
- प्राविधिक शिक्षासम्बन्धी स्पष्ट नीति तथा योजना नहुनु ।
- प्राविधिक शिक्षामा सबैको पहुँच नहुनु ।
- प्राविधिक शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण कम हुनु ।
- भौगोलिक विकटता तथा विपन्नताका कारणले प्राविधिक शिक्षामा सबैको पहुँच नहुनु ।
- प्राविधिक जनशक्तिका लागि बजारको अभाव ।
- प्राविधिक जनशक्तिले स्वव्यवसाय सञ्चालन गर्न कठिनाइ हुनु ।

### ३.४.६ अवसरहरु:

- इन्जिनियरिङ्ग तथा कृषि विषयका प्राविधिक धार संचालित विद्यालयहरुले सम्बन्धित क्षेत्रका जनशक्ति उत्पादन गरिरहेका ।
- सरकारी अनुदानबाट सञ्चालित प्राविधिक विद्यालय हुनु ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त गरी आफ्नै व्यवस्थापनमा सञ्चालित प्राविधिक विद्यालय हुनु ।
- लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा सञ्चालनका लागि विद्यालयहरु इच्छुक ।

### ३.४.७ रणनीति र कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| पालिकाभित्र सञ्चालित प्राविधिक विद्यालयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाइने छ । | प्राविधिक विद्यालयहरुमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन सहित आवश्यक स्रोतको व्यवस्थापन गर्ने । |
| भौगोलिक अवस्थालाई मध्यनजर गरी अन्य विद्यालयहरुमा प्राविधिक धार विस्तार गरिनेछ । | भौगोलिक अवस्था हेरी र आवश्यक ठाउँमा प्राविधिक विद्यालय स्थापना गर्ने । |
| गरिब तथा पिछडिएको वर्गलाई प्राविधिक शिक्षाको पहुँच बृद्धि गरिनेछ । | गरिब तथा जेहेन्दार बालबालिकाको अवस्था हेरी छात्रवृतिको व्यवस्था गर्ने । |
| नगर क्षेत्रका विद्यालयहमा नक्साङकनको आधारमा प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ । | स्थानीय आवश्यकता र स्रोतको आधारमा प्राविधिक विद्यालयहरु स्थापना गर्ने । |

| | |
|---|---|
| युवाहरुलाई प्राविधिक शिक्षामार्फत स्वरोजगारी सिर्जना गरिनेछ । | प्राविधिक विद्यालयहरुबाट उत्पादित युवाहरुलाई व्यवसाय गर्न प्राथिमकताको आधारमा अनुदानको व्यवस्था गर्ने । |
| छोटो अवधिका विभिन्न किसिमका सिपमूलक तालिम प्रदान गरि गरिबी न्यूनीकरण गर्ने कार्यक्रमहरु लागु गरिनेछ । | तथ्याङ्क र सूचनाहरुको सङ्कलन गरी सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने । |
| विश्व बजारमा प्रतिस्पर्धी र खपत हुने प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ । | गुणस्तरीय शिक्षा प्रदान गर्ने कुरामा प्राविधिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने । |
| परम्परागत पेशा व्यावसायहरुको स्तरोन्नतिका लागि प्रविधिको विकासमा जोड दिइने छ । | दक्ष जनशक्तिहरुमार्फत तालिमको व्यवस्था गर्ने । |

### ३.४.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**प्राविधिक तथा व्यावसायिक शिक्षा तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | सूचकहरु | कार्यक्रमहरु | ५वर्षको लक्ष्य | पुष्टयाका आधारहरु |
|---|---|---|---|---|---|
| प्राविधिक शिक्षाको पहुँच तथा जनशक्ति उत्पादनमा वृद्धि गर्ने । | • प्राविधिक विद्यालय हरुको वितरण<br>• प्राविधिक विद्यालयको संख्या वृद्धि<br>• प्राविधिक जनशक्ति उत्पादनमा बृद्धि | • प्राविधिक शिक्षालायको संख्या<br>• प्राविधिक शिक्षामा भर्नादर<br>• प्रविधिक जनशक्ति<br>• प्राविधिक शिक्षालयहरुको वितरण | • प्राविधिक विद्यालय स्थापना/सम्बन्धन हासिल गर्ने<br>• भर्ना अभियान<br>• प्राविधिक विद्यालयहरुको नक्साङ्कन गरी वितरण गर्ने | • नगरभित्र ' वटा प्राविधिक शिक्षालय सञ्चालन<br>• करिब ... बालबालिकाले प्राविधिक शिक्षाप्राप्त गर्ने । | प्राविधिक विद्यालयहरु अनुगमन प्रतिवेदन, IEMIS प्रतिवेदन, विद्यालय बाट दिक्षित जनशक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राविधिक विद्यालयहरुको गुणस्तर बृद्धि । | • शिक्षालयहरुमा सामग्री व्यवस्थापन<br>• मापदण्ड बमोजिमको शिक्षण तथा व्यवस्थापन ।<br>• गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने । | • व्यवस्थित कक्षाकोठा<br>• सिकारुमैत्री वातावरण<br>• शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यता<br>• सिकाई उपलब्धी मापन | • बसाई व्यवस्थापन<br>• शिक्षक तालिम<br>•सामग्री व्यवस्थापन तथा प्रयोग<br>• प्रयोगात्मक अभ्यासमा जोड | • प्राविधिक विद्यालयहरु व्यवस्थित कक्षाकोठाका लागि आवश्यक सामाग्री वितरण<br>• कम्तिमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका जनशक्ति बाट प्रशिक्षण<br>• शिक्षकहरु तालिम प्राप्त<br>• शिक्षण सामग्रीहरुको निर्माण तथा वितरण प्राविधिक<br>• बालबालिकाको सर्वपक्षीय विकास | प्राविधिक शिक्षालयहरु अनुगमन प्रतिवेदन, IEMIS प्रतिवेदन, शिक्षालय बाट दिक्षित जनशक्ति |
| प्राविधिक शिक्षालयहरु र समुदायबीचको सम्बन्ध विकास | • प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति सक्रियता<br>• अभिभावक सचेतना बृद्धि<br>• समुदाय र शिक्षालयहरुबीच आत्मिय सम्बन्ध स्थापित । | • अभिभावक भेटघाट<br>• प्राविधिक शिक्षालयहरुलाई आवश्यक सहयोग प्रदान<br>•समस्या समाधान | • अन्तरक्रिया कार्यक्रम<br>• सरोकारवालाहरु सँग छलफल<br>• सुझाव संकलन | • अभिभावक हरु प्राविधिक शिक्षालयहरुप्रति जिम्मेवार तथा विकास प्रति सचेत | अनुगमन, प्रतिवेदन |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालयहरु नक्साङ्कन गरी स्थापना गर्ने | वटा | १ | | स्थानीय सरकार | |
| २ | प्राविधिक शिक्षालयहरुको क्षमता वृद्धि गर्ने | वटा | १ | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | शिक्षक तालिमको आयोजना गर्ने | जना | ५ | ५ | | |
| ४ | सिकारुमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामग्री प्रदान गर्ने | | २ | | | |
| ५ | प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति गठन पुनर्गठन गर्ने | नियमित | | | | |
| ६ | स्वास्थ्य जाँच तत्सम्बन्धी आवश्यक सामग्री वितरण | | १ | | | |
| ७ | प्राविधिक शिक्षालयहरुको सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | | १ | | | |
| ८ | प्राविधिक शिक्षालयहरुको अवस्थाको अनुगमन तथा मुल्याङ्कनगरी आवश्यकतानुसार अनुदानको व्यवस्था | | २ | | | |
| ९ | शिक्षक उपदान कोषको व्यवस्था | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण( रु हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्राविधिक शिक्षालयहरु नक्साङ्कन गरी स्थापना गर्ने | २००० | | १००० | ५०० | | ५०० | संघीय प्रदेश र स्थानीय सरकार | |
| २ | प्राविधिक शिक्षालयहरुको क्षमता वृद्धि गर्ने | ५०० | | २०० | १०० | १०० | १०० | | |
| ३ | शिक्षक तालिमको आयोजना गर्ने | ५०० | | २०० | १०० | १०० | १०० | | |
| ४ | सिकारुमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामाग्री प्रदान गर्ने | १००० | | २०० | २०० | २०० | ४०० | | |
| ५ | प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति गठन पुनर्गठन गर्ने | | | | | | | | |
| ६ | स्वास्थ्य जाँच तत्सम्बन्धि आवश्यक सामग्री वितरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ७ | प्राविधिक शिक्षालयहरुको सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | ५० | १० | १० | १० | १० | १० | | |
| ८ | प्राविधिक शिक्षालयहरुको अवस्थाको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यकतानुसार अनुदानको व्यवस्था | १०० | २० | २० | २० | २० | २० | संघिय प्रदेश र स्थानीय सरकार | |

## ३.५ पाठ्यक्रम तथा पाठ्यपुस्तक

### ३.५.१ परिचय

पाठ्यक्रम सबै प्रकारका विषयवस्तु र पाठ्यसामग्रीको एक प्रमुख आधार एवम् दस्तावेज हो । शिक्षाका उद्देश्यहरु, उपलब्धि, आदत, व्यवहार र अनुभवलाई उच्चतम बिन्दुमा कार्यक्रम संञ्चालन गरी लागु गर्ने बाटोको रुपमा पाठ्यक्रमलाई लिईन्छ । नेपालमा शिक्षाको इस्तिहार, १९९६ देर्खा नै पाठ्यक्रम शिक्षण सिकाई प्रक्रियाको प्रमुख दस्तावेज तथा मार्गदर्शकको रुपमा प्रयोग गरिएको पाइन्छ । रा.शि.प. यो. २०२८ ले पाठ्यक्रम भनेको शिक्षाको राष्ट्रिय उदेश्य प्राप्तिका लागी बनाइएको एक शैक्षिक कार्यक्रम हो भनि परिभाषित गरिएको छ ।

पाठ्यक्रम उदेश्य, विषयवस्तु, क्रियाकलाप, मूल्याङ्कन मिली बनेको एक शैक्षिक योजना हो । नेपालको सन्दर्भमा प्रयोग गरिएका उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, मुल्याङ्कन आदि मुख्य तत्वहरुलाई केन्द्रमा राखी केन्द्रीय सरकारदेखि स्थानीय तहसम्म विभिन्न तहका पाठ्यक्रम निर्माण गरेको पाइन्छ। राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ तथा आधारभूत पाठ्क्रम २०७६ ले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्भार ५ र वार्षिक पाठघण्टा १६० र कक्षा ४ देखि ८ सम्ममा मातृभाषा वा अन्य कुनै विषयवस्तु नामाकरण गरी पाठ्यभार ४ र पाठघण्टा १२८ तोकेको छ ।

### ३.५.२ वर्तमान अवस्था

छबिसपाथिभेरा गाउँपालिकामा माद्यमिक तह अन्तरगत कक्षा १-१० संचालन भएका विद्यालय ८ वटा, कक्षा १-१२ संचालन भएका ५ वटा शिक्षा प्रदायक संस्था रहेका छन् । शैक्षिक सत्र २०७९ अनुसार माद्यमिक तहमा जम्मा १३५८ जना बालबालिका अध्ययनरत छन्, जसमा ७४९ छात्रा रहेको छन् ।

माद्यमिक तह ९ देखि १२ कक्षामा खुद भर्नादर ५४.१ र कुलभर्नादर ७०.१ रहेको छ । लैङ्गिक समता सूचकाङ्क ०.९४ रहेको छ । कक्षा १० को टिकाउ दर ७३ प्रतिशत रहेको छ । महिला शिक्षक १३.४६ प्रतिशत रहेको छ ।

### ३.५.३ उद्देश्यहरुः

- यस क्षेत्रको धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, ऐतिहासिकता, भौगोलिकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु ।
- स्थानीय परिवेश र पाठ्यक्रम सुहाउदो शैक्षिक सामग्री निर्माण गर्नु ।
- स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक निर्माण गरी लागु गर्नु ।

### ३.५.४ चुनौतीहरुः

यस पालिकामा पाठ्यक्रम तथा पाठ्यपुस्तकअन्तर्गत तपशीलबमोजिमका चुनौतीहरु देखिएका छन् ;

- स्थानीय तहले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका लागि बनाएको नीतिगत कार्यक्रम र योजनाको कार्यान्वयन गर्नु ।
- पालिकाभित्रका सबै स्थानीय क्षेत्रका विज्ञ तथा अनुभवी जनशक्तिको खोजी गरी प्राप्त राय सुझावहरुलाई सङ्कलनमा कठिनाई हुनु ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्न आवश्यक ज्ञान सिप तथा जनशक्तिको अभाव हुनु ।

- पर्याप्त मात्रामा लगानी, शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव हुनु ।
- तालिम प्राप्त, दक्ष, क्षेत्रगत जनशक्तिको अभाव हुनु ।
- समयमै पाठ्पुस्तकहरु आपूर्ति गर्न कठिन हुनु ।
- समय समयमा पाठ्यक्रमको प्रवोधीकरण गर्न ।
- पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण सम्बन्धी मापदण्डबारे अनभिज्ञता ।
- सरोकारवालाका स्वार्थहरु बाँझिनु ।

**३.५.५ अवसरहरुः**

- कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण अन्तिम चरणमा पुग्नु ।
- पालिकाले पाठ्यक्रम निर्माणसम्बन्धी नीतिगत कार्ययोजना तयार गर्न पहल गर्नु ।
- पाठ्यक्रम, पाठ्यपुस्तकमा सहज पहुँच हुनु ।
- माद्यमिक तहसम्मका पाठ्यक्रम र पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुनु ।

**३.५.६ रणनीति तथा कार्यनीतिहरुः**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय आश्यकता सम्बोधन हुने स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गरिनेछ । | स्थानीय पाठ्यक्रम निर्माणका लागि कार्यदल तथा विज्ञ समुह निर्माण गरी कक्षा ६-८ को पाठ्यक्रम निर्माण र कक्षा १-५ को पाठ्यपुस्तक निर्माण गर्ने । |
| समयमै पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुमा पहुँच पुर्या इनेछ । | निर्माण गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण गर्ने । |
| स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु उत्पादन र प्रयोगमा जोड दिइने छ । | स्थानीय भूगोल, रीतिरिवाज, धर्म, संस्कृति आदिका जानकार व्यक्तिहरुसँग स्थानीय पाठ्क्रममा आधारित सामग्री उत्पादनका लागि अन्तर्क्रिया र तालिम सञ्चालन गर्ने । |
| पाठ्यक्रम पाठ्यपुस्तक प्रवोधीकरण गरिनेछ । | क्षेत्रगत विज्ञ समूह परिचालन गरी पाठ्यक्रम, पाठ्यपुस्तक प्रबोधीकरण सम्बन्धी कार्यशाला तथा तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने । |

### ३.५.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**पाठ्यक्रम तथा पाठ्यपुस्तक तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|
| स्थानीय पाठ्क्रम तथा पाठ्यपुस्तक निर्माण | • स्थानीय पाठ्यक्रममा शिक्षकको सहज पहुँच ।<br>•सबै बालबालिकाहरुमा पाठ्यपुस्तकको सहज पहुँच । | • अभिमुखीकरण, कार्यदल गठन तथा पाठ्यक्रम निर्माण<br>•सरोकारवालाहरुसंग छलफल<br>• पाठ्यक्रम प्रबोधीकरण<br>• स्थानीय पाठ्यक्रम निर्माण तथा उपलब्धता<br>• शिक्षकलाई तालिम | • कक्षा १ देखि ८ सम्मको पाठयक्रम निर्माण<br>• कक्षा १ देखी ८ पाठ्यपुस्तक निर्माण तथा वितरण<br>• स्थानीय पाठ्यक्रम लागु गर्ने<br>• शिक्षक तालिम | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक |
| स्थानीय पाठ्यक्रम लागु भएको | •सबै बालबालिकाकाले पाठ्यपुस्तक तथा अध्ययन सामग्री प्राप्त गरेको | | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक निर्माण भएको | | कक्षा १ देखि ८ सम्मको | | गा. पा. | |
| २ | स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक लागु भएको | | | | गा. पा. | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक निर्माण भएको | १००० | १००० | | | | | गा. पा. | |
| २ | स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक लागु भएको | | | | | | | गा. पा | |

## ३.६ शिक्षक व्यवस्थापन

### ३.६.१ परिचय

शिक्षकव्यवस्थापन भनेको शिक्षकलाई समय सान्दर्भिक, पूर्ण प्रतिस्पर्धात्मक र निष्पक्ष रुपमा शिक्षक छनौट, पेशाप्रति आकर्षण र पूर्ण उत्तरदायी, शिक्षण क्रियाकलापमा जिम्मेवार, शिक्षकको क्षमता विकास तथा शिक्षक सहयोग गरी गुणस्तरीय शिक्षा प्रदानका लागि व्यवस्थापन गर्नु हो ।

### ३.६.२ वर्तमान अवस्था

| तह | स्थायी | अस्थायी करार | राहत | निजी स्रोत | गापा शिक्षक |
|---|---|---|---|---|---|
| वालविकास | | ३१ | ० | ० | १ |
| आधारभूत तह | ८४ | २ | ५५ | ५४ | १२ |
| माध्यमिक तह (९-१२) | ११ | २ | २७ | १० | २ |
| जम्मा | ९५ | ३५ | ८२ | ६४ | १५ |

यसबाहेक प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकहरुको संख्याः ८ जना

### ३.६.३ उद्देश्यहरुः

- आवश्यक सङ्ख्यामा विषयगत दरबन्दीको व्यवस्थापन गर्नु ।
- विद्यार्थीको संख्यालाई विशेष आधार मानी शिक्षक दरबन्दीमा मिलान गर्ने ।
- योग्यता, क्षमता र कार्यदक्षताका आधारमा विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने ।
- आवश्यकता र मागको आधारमा शिक्षकलाई तालिम प्रदान गर्नु ।
- शिक्षकलाई पेशाप्रति आकर्षण हुने वातावरणको सुनिश्चतता गर्नु ।
- विद्यालयमा अनुगमन र मूल्याङ्कन प्रणालीमा जोड दिने ।
- सम्पूर्ण शिक्षक कर्मचारीलाई प्रोत्साहनस्वरुप थप सेवा सुविधा प्रदान गर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने ।

### ३.६.४ चुनौतीहरुः

- कक्षागत र विषयगत दरबन्दी उपलब्ध गराउनु ।
- उच्च विद्यार्थी संख्या भएका विद्यालयमा अतिरिक्त दरबन्दी सिर्जना गराउनु ।
- नियमानुसार प्रशासनिक तथा प्राज्ञिक जिम्मेवारी लिने व्यक्ति (प्र.अ.)नियुक्ति गर्नु ।
- शिक्षकलाई तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्थापन गर्न नसक्नु ।
- विद्यालयहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनमा ध्यान दिन ।
- कक्षाकोठाभित्र शिक्षकको प्रस्तुति कमजोर र फितलो रहनु ।
- शिक्षण सिकाइ कार्यमा सूचना तथा प्रविधि प्रयोग गर्नु ।

### ३.६.५ अवसरहरुः

पालिकाभित्र प्राज्ञिक स्रोत सहज रुपमा उपलब्ध हुनु ।

- गुणस्तरीय शिक्षण सिकाइ प्रक्रियामा आकर्षण हुनु ।
- उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग ।
- विद्यार्थी र शिक्षक अनुपात सनतोषजनक हुनु ।

### ३.६.६ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षक दरबन्दीको वितरण तथा समायोजन गरिनुको साथै स्वयंसेवक शिक्षक दरबन्दीको व्यवस्था गरिने । | विद्यार्थी सङ्ख्याको अधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्ने ।<br>कक्षागत र विषयगत शिक्षक दरबन्दी सृजना गरिनेछ । |
| शिक्षकहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ । | शिक्षकको पेशागत क्षमता वृद्धि गर्न आवश्यकता तथा मागमा आधारित तालिमको व्यवस्था गर्ने । |
| सबै विद्यालयहरुमा मापदण्ड अनुसार प्रधानाध्यापकहरुको व्यवस्थापन गरिनेछ । | योग्यता र क्षमताका आधारमा प्रधानाध्यापकहरुको नियुक्ति गर्ने । |
| शिक्षण पेशालाई प्रविधिमैत्री बनाइनेछ । | हरेक विद्यालयमा इन्टरनेटको व्यवस्थापन गरी ल्यापटप वितरण कार्यक्रम लागु गर्ने ।<br>विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था गर्ने । |
| मुल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ । | समय समयमा विद्यालयमा अनुगमन तथा सुपरीवेक्षण गरी मुल्याकन प्रणालीलाई थप मजबुत पार्ने । |
| शिक्षकहरुको पेशागत सुरक्षा गरिनेछ । | शिक्षक वृत्ति विकासमा जोड दिने । |

### ३.६.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**शिक्षक व्यवस्थापनको तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | सूचकहरु | ५ वर्षको लक्ष्य | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| सक्षम शिक्षकसहितको गुणस्तरीय शिक्षा | न्यूनतम योग्यता तथा सक्षमताको कार्यान्वयन<br>शिक्षक व्यवस्थापनको सुदृढीकरण<br>शिक्षकको दरबन्दी मिलान<br>शिक्षकको उपस्थिति तथा कार्य सम्पादनमा सुधार भएको । | तथ्याङ्क संकलन<br>दरबन्दी मिलान/सृजना<br>मापदण्डबमोजिमको शिक्षकको नियुक्ति<br>शिक्षक तालिम तथा पेशागत सहयोग विकास । | तथ्याङ्क शिक्षक दरबन्दी तथा नियुक्ति<br>तालिम पुस्तिका<br>परिपत्रहरु | निर्धारित मापदण्ड बमोजिम विद्यार्थीको संख्या अनुसार विषयगत तथा कक्षागत दरबन्दी पूरा ।<br>सबै शिक्षकहरुलाई पेशागत पेशागत सहयोग तथा पुनर्ताजगी तालिम दिने | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, IEMIS प्रतिवेदन, आवश्यकता अनुसारका शिक्षक विद्यालयमा पुगेका |
| शिक्षकको क्षमता विकास तथा कार्य दक्षतामा वृद्धि गरी प्रभावकारी शिक्षण तथा शिक्षाको गुणस्तर सुधार | शिक्षकको पेशागत क्षमता विकास भएको<br>विज्ञ समूहबाट पेशागत सहयोग<br>विषयगकक्षागत सक्षमताहरु हासिल भएको | अन्तरविद्यालय अवलोकन, पेशागत विकास तालिम<br>विज्ञ समुहबाट पेशागत सहयोग<br>नमुना विद्यालय भ्रमण | अवलोकन प्रतिवेदन,<br>तालिम प्रतिवेदन,<br>पेशागत सहयोग प्रतिवेदन | वार्षिक अन्तरविद्यालय भ्रमण, नियमित पेशागत सहयोग तालिम | प्रतिवेदन सिकाई उपलब्धि |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी संख्याको आधारमा स्वयंसेवक शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षक नियुक्त गर्ने | वटा | १० | २० | गा.पा. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | शिक्षक तालिम तथा पेशागत सहयोग | वार्षिक रुपमा १ पटक | | | | |
| ३ | अन्तर विद्यालय सिकाइ आदानप्रदान | वार्षिक रुपमा १ पटक | | | | |
| ४ | नमूना विद्यालय भ्रमण | वार्षिक रुपमा १ पटक | | | | |
| ५ | शिक्षकको स्वास्थ्य बिमा गर्ने | ३० जना | १५ | १५ | गा. पा. | |
| ६ | शिक्षकलाई प्रोत्साहन गर्न थप सुविधा दिने | वार्षिक रुपमा ३ जना | | | | |
| ७ | आन्तरिक स्रोतबाट शिक्षहकहरुको नियुक्तिका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका र कार्यविधि निर्माण गर्ने | वार्षिक रुपमा १ पटक | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यार्थी संख्याको आधारमा स्वयंसेवक शिक्षक दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी शिक्षक नियुक्त गर्ने | १९००० | १५०० | ५३०० | ५००० | ४२०० | ३००० | संघ, प्रदेश र स्थानीय तह | |
| २ | शिक्षक तालिम तथा पेशागत सहयोग | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र स्थानीय तह | |
| ३ | अन्तर विद्यालय सिकाइ आदानप्रदान | १०० | | २५ | २५ | २५ | २५ | संघ, प्रदेश र स्थानीय तह | |
| ४ | नमूना विद्यालय भ्रमण | १०० | | २५ | २५ | २५ | २५ | संघ, प्रदेश र स्थानीय तह | |
| ५ | शिक्षकलाई प्रोत्साहन गर्न थप सुविधा दिने | १०० | | २५ | २५ | २५ | २५ | संघ, प्रदेश र स्थानीय तह | |
| ७ | आन्तरिक स्रोतबाट शिक्षहकहरुको नियुक्तिका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका र कार्यविधि निर्माण गर्ने | ५० | | ५० | | | | संघ, प्रदेश र स्थानीय तह | |

## ३.७ शिक्षामा सूचना तथा संञ्चार प्रविधि

### ३.७.१ परिचय

कुनै पनि विषयका बारेमा खबर लिने र दिने प्रक्रियालाई सूचना भनिन्छ । आधुनिक समयमा परम्परागत सूचना प्रणालीको अन्त्य गर्दै नवीन सूचना प्रविधिको विकास भइसकेको छ । विशेष गरी आधुनिक समयमा इन्टरनेट, कम्प्युटर, मोबाइल, भिडियो, कन्फेरेन्स कल आदिलाई प्रयोग गरी सूचना आदान प्रदान गरिने कार्यको विकास भइरहेको छ । वर्तमान समयमा शिक्षण सिकाइ प्रक्रियामा पनि परम्परागत मान्यतालाई त्याग्दै नवीनतम् प्रविधिको प्रयोग गरी विश्वमा विकास भएका ज्ञान सिपलाई हामी एक कोठा भित्र सीमित गर्न सक्छौँ । जसको प्रयोगले गर्दा आज शिक्षण क्रियाकलापमा निकै सहज भएको छ । सूचना प्रविधिका कारण वर्तमान समयमा सबै क्षेत्रमा पहुँचमा वृद्धि सिकाइको सुनिश्चितता र गुणस्तरमा वृद्धि, रोजगारीका अवसर आदिमा निकै सहयोग पुर्याएको छ । सूचना प्रविधिको महत्वलाई मध्यनजर गरी यस गा.पा.ले पनि शिक्षाको क्षेत्रमा सूचना र प्रविधिको विकास गर्नका लागि १० वर्षे रणनीतिक योजना तयार गरेको छ ।

### ३.७.२ वर्तमान अवस्थाः

नेपाल सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना सञ्चारका संरचनामा पहुच पुर्या उने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना योजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ । यस्तै डिजिटल नेपाल कार्याढाँचा, २०७६ले विद्यालय तथा क्याम्पसहरुमा शिक्षा तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासिल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्र शिक्षा तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले, २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि नवप्रर्द्बन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरेको छ । उक्त नीतिमा सबै विद्यालयमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने र इन्टरनेटको पहुँच पुर्या उने तथा सीपयुक्त जनशक्ति तयार पर्ने व्यवस्था गरेको छ ।

### ३.७.३ उद्देश्यहरु

- विद्यालय तहमा शिक्षामा नवीनतम प्रविधि मार्फत शिक्षण गर्नु ।
- शैक्षिक सेवालाई सर्वसुलभ तथा प्रभावाकारी बनाउन अनलाइन सिकाइको विकास तथा प्रयोगको सुनिश्ति गर्नु ।
- आनन्दायी, रमाइलो तबरले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.७.४ अवसरहरु

- शिक्षण सिकाई क्रियाकलापमा प्रयोग भईरहेको ।
- नविनतम ज्ञानमा सहजै पहुँच वृद्धि भएको ।
- बालमैत्री शिक्षणमा जोड ।
- विभिन्न ICT सामग्रीको ज्ञान र सिपमा अभिवृद्धि भएको ।
- विश्वव्यापी ज्ञानको पहुँच अभिवृद्धि ।
- सूचना आदानप्रदानमा सहजता ।

### ३.७.५ चुनौतीहरुः

यस पालिकामा सूचना प्रविधि तथा सञ्चारको विकासका लागि तपशीलबमोजिमका चुनौतीहरु तथा अवसरहरु रहेका छन ।

- भौगोलिक विकटता हुनु ।
- विद्युतको निरन्तर आपूर्ति गर्नु ।
- सबै विद्यालयमा इन्टरनेटको पहुँच पुर्‍याउनु,
- प्रविधि सम्बन्धी ऐन नियम कानुनको कार्यान्वयन प्रभावकारी रुपमा गर्नु ।
- दक्ष शिक्षकको व्यवस्थापन गर्नु ।

### ३.७.६ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालयमा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सिकाइको गुणस्तरमा वृद्धि गरिनेछ । | प्रत्येक विद्यालयमा आधुनिक सूचना प्रविधिका साधनहरुको व्यवस्थापन गर्ने । |
| आधुनिक सूचना प्रविधिका बारेमा सम्पूर्ण विद्यालयमा सबै शिक्षकलाइ तालिमको व्यवस्था गरिनेछ । | शिक्षकको पेशागत क्षमता वृद्धि गर्न आवश्कता तथा मागमा आधारित तालिमको व्यवस्था गर्ने । |
| पालिका स्तरमा विद्युतीय पठन सामग्री भएको अनलाइन सिकाइ प्रणालीको विकास गर्ने । | यसका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने । |
| पालिकाभित्रका सामुदायिक सिकाइ केन्द्रलाई डिजिटलाइज गरिनेछ । | पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र मध्ये एक वटा सिकाइ केन्द्रलाइ डिजिटल सिकाइ केन्द्रको रुपमा विकास गर्ने । |
| सूचना HUB को स्थापना गर्ने | नमुना विद्यालय छनौट गरी सूचना ज्न्द्य को रुपमा विकास गर्ने । |
| सूचना प्रविधिको विस्तार गरिनेछ । | प्रत्येक विद्यालयमा विद्युत सेवा विस्तार गर्ने ।<br>इन्टरनेटको सुविधा विस्तार गर्ने । |

### ३.७.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**शिक्षामा सूचना तथा सञ्चार प्रविधि तार्किक ढाँचा**

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|
| शिक्षामा सूचना तथा संञ्चार प्रविधिको विस्तार तथा उपयोग | • विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारलाई सुदृढ गरिएको हुने ।<br>• सूचना तथा संचार प्रविधिको प्रयोग गरी कक्षाकोठामा शिक्षण भएको<br>• सूचना तथा संचार प्रविधिको प्रयोगमा बालबालिकाको पहुँच भएको | • कम्प्युटर तथा इन्टरनेटको विस्तार | • सबै माध्यमिक तथा ६ देखि ८ सम्मका विद्यालयमा कम्प्युटर तथा इन्टरनेट सहयोग गर्ने<br>• विद्यालयमा विद्युतीय पुस्तकालयको लागि सहयोग | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, इमिस प्रतिवेदन |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं.. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पालिकामा खुल्ला इ पुस्तकालयको स्थापना | १ वटा | १ | १ | संघीय प्रदेश तथा स्थानीय सरकार | |
| २ | विद्यालयमा इन्टरनेटको सुविधा प्रदान गर्ने | सबै विद्यालय | १० | १० | | |
| ३ | सबै विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन गर्ने | सबै | २५ | २५ | | |
| ४ | एक विद्यालय एक आइ टी शिक्षकको व्यवस्था गर्ने । | विद्यालय | | १ | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | पालिकामा खुल्ला इ पुस्तकालयको स्थापर्नो | २००० | | १००० | | १००० | | संघ प्रदेश र स्थानीय सरकार | |
| २ | सबै विद्यालयमा इन्टरनेटको सुविधा प्रदान गर्ने | ३००० | | २००० | | १००० | | संघ प्रदेश र स्थानीय सरकार | |
| ३ | सबै विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन गर्ने | ५००० | | २५०० | | २५०० | | संघ प्रदेश र स्थानीय सरकार | |
| ४ | एक विद्यालय एक आइ टी शिक्षकको व्यवस्था गर्ने । | ६००० | | ३००० | | ३००० | | संघ प्रदेश र स्थानीय सरकार | |

## ३.८ विद्यालय विकास तथा सुशासन

### ३.८.१ परिचय

विद्यालय प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी र जनउत्तरदायी शासन, भ्रष्टचाररहित, गुणस्तरीय शिक्षामा सबैका लागि समान र सहज पहुँच विस्तार गरिनुलाई नै विद्यालय सुशासन भनिन्छ ।

### ३.८.२ वर्तमान अवस्था

विद्यालय सुशासनमा विद्यालयका हरेक गतिविधि सम्पन्न गर्नका लागि कामको बाँडफाँड, जिम्मेवारीको किटानी, अधिकारको प्रत्यायोजन, अभिभावक भेला र भेटघाट, सार्वजनिक सुनुवाइ नागरिक वडापत्र, सामाजिक परीक्षण, गुनासो सुनुवाई, सूचना पाटी सूचना अधिकारी, वार्षिक तथा दैनिक तालिका, SMC र PTA को नियमित बैठक विद्यालयका गतिविधि झल्काउने र सबैको पहुँचमा पुर्यामउन प्रयोग गरिने Website, Facebook page, mass media को जस्ता कुराहरु पर्दछन् यस पालिकाले पनि शिक्षा क्षेत्रमा सुशासन कायम गर्नका लागि शिक्षाका राष्ट्रिय ऐन, कानुन र नियमावलीहरुको अवलम्वन गरिरहेको छ । तसर्थ सुशासन प्रवर्द्धनका लागि आफ्नो १० वर्षे शैक्षिक योजनामा सुशासनलाई जोड दिएको छ ।

### ३.८.३ उद्देश्य

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा शिक्षकको क्षमता अभिवृद्धि गरी विद्यालयको अनुगमन तथा योजनामा सहभागितामा वृद्धि गर्ने ।
- विद्यालय समग्र सुधारका लागि विद्यालय सुधार योजना तयार गर्नु ।
- जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्नु ।

- सुझाब गुनासो पेटिका तथा सार्वजनिक सुनुवाई संयन्त्र विकास गर्नु ।

## ३.८.४ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गरिने छ । | यसका लागि पालिका स्तरमा आवश्यक क्षमता अभिवृद्धि गर्न तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । |
| विद्यालयको समग्र विकासका लागि विद्यालय सुधार योजना निर्माण गरी लागु गरिने छ । | विद्यालय सुधार योजना अनुसार विद्यालयमा आवश्यक रकम अनुदान व्यवस्थापन गर्ने । |
| ऐन नियम अनुसार सामाजिक परीक्षण तथा लेखापरीक्षण गरिनेछ । | यसका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने । |
| विद्यालयमा आचारसंहिता तयार गरी गुनासो सुन्ने र सम्बोधन गर्ने प्रणाली अवलम्वन गरिनेछ । | यसका लागि गुनासो सुनुवाइ समिति गठन गर्ने ।<br>प्राप्त सुझावहरुलाई व्यवहारतः कार्यान्वयन गर्ने । |

## ३.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

विद्यालय नेतृत्व विकास तथा सुशासन विकास कार्यढाँचा

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्टयाइका आधारहरु |
|---|---|---|---|---|
| संस्थागत व्यवस्थापन तथा नेतृत्व सुदृढ भएको । | • शिक्षकहरुको क्षमता विकास भएको हुने ।<br>• विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको हुने ।<br>• विद्यालय विकासको लागि विद्यालय सुधार योजना बनी कार्यान्वयन भएको | • शिक्षकलाई तालिम संचालन<br>• विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई काम कर्तब्य अधिकारका बारेमा अभिमुखीकरण<br>• विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम | • ८० जना शिक्षक, वि.व्य.स.मार्फत क्षमता विकास कार्यक्रम गर्ने ।<br>• २० वटा विद्यालयलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी अभिमुखीकरण | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, इमिस प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| विद्यालयमा सुदृढ वित्तीय व्यवस्थापन | • विद्यालयमा सामाजिक लेखापरीक्षण भएको<br>• विद्यालयमा बालबालिकाको शैक्षिक उपलब्धिको लेखाजेखा भएको | • सामाजिक लेखापरिक्षण गर्ने<br>• अभिभावक भेला तथा शैक्षिक अन्तर्क्रिया गर्ने | • सबै विद्यालय हरुले सामाजिक परीक्षण र लेखापरीक्षण समय अनुकूल गरिएको हुने | सामाजिक परीक्षण प्रतिवेदन |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि तालिम तथा अभिभुखीकरण गर्ने | सबै वि व्य स | १८ | २० | संघीय प्रदेश तथा स्थानीय सरकार गाउँपालिका | |
| २ | नियमित रुपमा विद्यालयहरुको अनुगमन गर्ने | सबै विद्यालय | | | | |
| ३ | गुनासो पेटिकाको व्यवस्थापन गर्ने र सुनुवाई गर्ने | सबै | १५ | १५ | | |
| ४ | समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने | विद्यालय | सबै | | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि तालिम तथा अभिभुखीकरण गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ प्रदेश र स्थानीय सरकार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नियमित रुपमा विद्यालयहरुको अनुगमन गर्ने | ३०० | ५० | ५० | ५० | ५० | १०० | संघ प्रदेश र स्थानीय सरकार | |
| ३ | गुनासो पेटिकाको व्यवस्थापन गर्ने र सुनुवाई गर्ने | | | | | | | | स्रोत नचाहिने |
| ४ | समयमै सामाजिक परीक्षण तथा लेखा परीक्षण गर्ने | ७५० | १५० | १५० | १५० | १५० | १५० | संघ प्रदेश र स्थानीय सरकार | |

## ३.९ संस्थागत क्षमता विकास

### ३.९.१ परिचयः

नेपालको संविधान, २०७२ ले नेपाललाई संघीय राज्यको रुपमा व्यवस्था गरेबमोजिम मुलुकमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको अवस्था छ । संघीय संरचनाअनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसुची ५, ६, ८ र ९ को व्यवस्था गरेको छ। संघीय तहमा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय पालिकामा शिक्षा, युवा तथा खेलकुद शाखाले क्रियाशील रहेको छ ।

### ३.९.२ वर्तमान अवस्थाः

संघीय तहमा रहेको शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा ऐन, नीति नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रको लगानीको वातावरण सिर्जना गर्ने कार्य गर्दछ। संबिधानले स्थानीय तहको अधिकार र जिम्मेवारी आधारभूत र माद्यमिक तहको शिक्षालाई तोकेकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफाको ११ को उपदफाको २ (ज)मा स्थानीय सरकारका शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीहरु कार्यान्वयन गर्न भौतिक, कानूनी, मानवीय, संरचनागत व्यवस्था गरिएको छ ।

### ३.९.३ उद्देश्यः

१. संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारबीचमा अधिकार र जिम्मेवारी सम्बन्धमा देखिएका अन्यौलहरु निराकरण गर्नु ।

२. अभिभावक, शिक्षक, शैक्षिक जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्र विकास गर्नु ।

### ३.९.४ रणनीतिः

१. संघीय सरकारबाट बनेका शिक्षा सम्बन्धि नीति कानुन तथा मापदण्डहरुको अधीनमा रही संस्थागत सक्षमताको मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. शिक्षक दरबन्दी पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी अपुग हुने अवस्थामा प्रदेश तथा संघीय सरकारमा माग गर्नुको साथै आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ ।

३. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइनेछ ।

### ३.९.५ उपलब्धिः

गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तर सरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास भएको हुने ।

### ३.९.६ नतिजाः

१. कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँडमा स्पष्टता आएको हुने ।

२. शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसाबले नागरिक समाजले अनुभूति गर्ने गरी विकास भएको हुने ।

### ३.९.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | ईकाइ | भौतिक लक्ष्य ५ वर्ष १ २ ३ ४ ५ जम्मा | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसार संरचना र जनशक्तिको प्रबन्ध गरिने | तीनै तहमा | | √ | √ | √ | | | | संघ र प्रदेश र स्थानीय तह |
| २ | शिक्षा सम्बन्धी छोटो अबधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने | निरन्तर | | √ | √ | √ | √ | | √ | संघ प्रदेश र स्थानीय तह |
| ३ | शिक्षक दरबन्दी सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसार शिक्षक पदपूर्ति गरिने । | | √ | | √ | √ | √ | √ | | संघ प्रदेश र स्थानीय तह |

## ३.१० स्वास्थ्य, खानेपानी तथा स्वच्छता

### ३.१०.१ परिचय

मानव जीवनमा स्वास्थ्य एक अपरिहार्य पूर्वाधार हो, जसले शारीरिक, मानसिक, संवेगात्मक स्वस्थतालाई बुझाउँदछ । त्यस्तै विकासका पूर्वाधारभित्र स्वच्छ खानेपानी पनि एक प्रमुख पक्ष हो

### ३.१०.२ उद्देश्यः

- प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्नु ।
- विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य स्थिति सुधार गर्ने ।
- स्वच्छ वातावरणमा शिक्षण सिकाई क्रियाकलाप गर्नु ।
- विद्यालयमा सेनेटरी प्याडको वितरण गर्नु ।
- स्थानीय स्तरमा सेनिटरी प्याड उत्पादन गर्नु ।

### ३.१०.३ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ । | पालिकाभित्रका खानेपानीको समस्या भएका विद्यालयहरुलाई आवश्यक बजेटको व्यवस्था गर्ने ।<br>प्रत्येक विद्यालयमा बालमैत्री धारा निर्माण गर्ने । |
| माध्यमिक विद्यालयमा लागु भएको विद्यालय नर्स कार्यक्रमलाइ विस्तार आधारभुत तहका विद्यालयहरुमा विस्तार गरिनेछ । | माध्यमिक विद्यालयमा लागु भएको विद्यालय नर्स कार्यक्रमलाइ निरन्तरता दिने<br>आधारभुत तहका विद्यालयहरुमा नर्स कार्यक्रम लागु गर्नका लागि अनुदान रकम प्रदान गर्ने ।<br>प्रत्येक विद्यालयमा आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन गर्ने । |
| प्रत्येक विद्यालयमा न्चभभल कअजयर्या अभिबल कअजयर्या को कार्यक्रम लागु गरिनेछ . | यसका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने ।<br>प्रत्येक विद्यालयमा साना साना बालउद्यानहरुको निर्माण गर्ने । |

### ३.१०.४ उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य

**स्वास्थ्य खानेपानी स्वच्छता विकास कार्यढाँचा**

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुष्टयाइका आधारहरु |
|---|---|---|---|---|
| विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था भएको | • खानेपानीको धारा तथा हात धुने स्टेशन सहित साबुनको व्यवस्था भएको । | • अन्तर्क्रिया कार्यक्रम<br>• खानेपानी तथा स्वच्छताका लागि सामग्रीको व्यवस्थापन<br>• अभिभावक तथा विद्यार्थीहरुलाई सरसफाइ तथा स्वच्छता सम्बन्धि सचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने | • १५ विद्यालयलाई पाइप हिल ट्याङकी सहयोग गर्ने ।<br>• १० विद्यालयलाई सरसफाइका सामग्री उपलब्ध गराउने<br>• २०० जना अभिभावकलाई स्वच्छ खानेपानी तथा सरसफाइका बारेमा जनचेतना दिने । | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, इमिस प्रतिवेदन |
| किशोरीमैत्री शौचालयको व्यवस्था भएको | • किशोरीको लागि छुट्टै किशोरीमैत्री शौचालयको व्यवस्था भएको<br>• स्यानेटरी प्याड फेर्न तथा त्यसको व्यवस्थापनका लागि किशोरी कक्षको व्यवस्था भएको | • शौचालय निर्माण तथा प्रयोग<br>• स्यानेटरी प्याड वितरण | • सबै विद्यालयका किशोरीहरुलाई स्यानिटरी प्याड उपलब्धताको सुनिश्चितता र व्यवस्थापनका<br>• लागि तालिम उपलब्ध गराइने । | सामाजिक परीक्षण प्रतिवेदन |
| विद्यालयको वातावरण हरियाली सिकाइ मैत्री भएका | • सबै विद्यालयमा फूलबारी तथा साना बगैंचा स्थापना भएको हुने । | • बगैंचा तथा फूलबारी निर्माण | • सबै विद्यालयमा बगैंचा तथा फूलबारी स्थापनाका आवश्यक बिरुवा उपलब्ध गराउने | स्थलगत अनुगमन प्रतिवेदन |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय खानेपानी तथा स्वच्छताका लागि छलफल तथा अन्तर्क्रिया | सबै वि व्य स | २० | ३८ | संघीय प्रदेश तथा स्थानीय सरकार गा.पा. | |
| २ | विद्यालय खानेपानी तथा स्वच्छताको योजना सहित व्यवस्थापन | सबै विद्यालय | | | | |
| ३ | पाइप हिल ट्याङकी सहयोग | सबै विद्यालय | १० | १५ | | |
| ४ | फूलबारी तथा बगैँचाका लागि बिरुवा उपलब्ध गराउने | विद्यालय | सबै | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालय खानेपानी तथा स्वच्छताका लागि छलफल तथा अन्तर्क्रिया | १०० | २० | २० | २० | २० | २० | | स्रोत नचाहिने |
| २ | विद्यालय खानेपानी तथा स्वच्छताको योजना सहित व्यवस्थापन | | | | | | | | स्रोत नचाहिने |
| ३ | पाइप हिल ट्याङकी सहयोग | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ प्रदेश र स्थानीय सरकार | |
| ४ | फूलबारी तथा बगैचाका लागि बिरुवा उपलब्ध गराउने । | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ प्रदेश र स्थानीय सरकार | |

## ३.११ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ३.११.१ परिचय

शिक्षा क्षेत्र निकै संवेदनशील क्षेत्र हो । विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । जसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा परिरहेको छ । तसर्थ अकस्मात हुने जटिल परिस्थितिबाट समग्र शिक्षा क्षेत्रलाई बचाएर शैक्षिक क्षति कम गर्न सबै चनाखो हुनुपर्ने हुन्छ ।

### ३.११.२ वर्तमान अवस्था

विगतको महाभूकम्प, कोभिड १९ महामारीको कारण शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ । यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै भविष्यमा शिक्षा क्षेत्रलाई सुरक्षित र क्षतिरहित बनाउनका लागि यस पालिकाले १० वर्षे शिक्षा योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जोगिने र शिक्षालाई निरन्तरता दिने गरी वैकल्पिक विधिको माध्यमबाट शिक्षाको विकास गर्ने योजना बनाएको छ ।

### ३.११.३ उदेश्यहरु

- सङ्कटको सम्भावित जोखिममा रहेका विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पूर्वसावधानी अपनाई सम्भावित क्षति न्यूनीकरण गर्नु ।
- विपद प्रतिकार्य योजना बनाइ लागु गर्नु ।
- विपद तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको लागि सिकाइ वातावरण तयार गर्नु ।
- विपद उत्थानशील विद्यालयहरुको भौतिक संरचना निर्माण तथा प्रबलीकरण गर्नु ।

### ३.११.४ रणनीति तथा कार्यनीतिहरु:

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालयका भौतिक संरचना विपद प्रतिरोधी निर्माण गरिनेछ । | पालिकाभित्रका विद्यालयहरुका भौतिक संरचनाहरुको प्रबलीकरण गर्ने ।<br>नयाँ भवनहरु भूकम्प प्रतिरोधी मात्र निर्माण गर्ने । |
| खतरा पहिचान तथा जोखिमयुक्त भवनहरुको नक्साङकन गरिनेछ । | दक्ष तथा प्राविधिक जनशक्तिमार्फत सबै क्षेत्रका विद्यालयहरुको नक्साङकन गर्ने<br>जोखिमयुक्त भवनहरुको तत्काल प्रबलीकरण कार्य सुरु गर्ने |
| विपद्को अवस्थामा शिक्षालाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । | यसका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने ।<br>वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।<br>E–learning सञ्चालन गर्ने । |
| उद्धार तथा राहतका कार्यक्रमहरु सञ्चालन गरिने छ । | पालिकामा आपतकालीन कोषको व्यवस्था गर्ने ।<br>विपद व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गर्ने ।<br>विपदवाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने । |

### ३.११.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**आपतकालीन तथा सङ्कटपूर्ण शिक्षा कार्यढाँचा**

| उपलब्धि | नतिजा | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुस्ट्याइका आधारहरु |
|---|---|---|---|---|
| विद्यालय विपद उत्थानशील भौतिक संरचना निर्माण तथा सुविधाको व्यवस्था | • विद्यालयका भौतिक संरचना विपद उत्थानशील भएको हुने ।<br>• विद्यालयमा विपदकासमयमा प्रतिकार्य गर्नको लागि द्रुर्त गतिको प्रतिकार्य समिति गठन<br>• विद्यालयमा आपतकालीन कोषको व्यवस्था भएको<br>• विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको हुने । | • भौतिक निर्माण<br>• विपद जोखिम न्युनीकरण विषयको सिकाइ बाल क्लबको क्षमताविकास गरी परिचालन गर्ने<br>• विपद प्रतिकार्य योजना निर्माण गर्ने र त्यसका लागि क्षमता विकास गर्ने । | • ८ वटा भुकम्प प्रतिरोधी विद्यालय भवनहरु निर्माण<br>• ३० विद्यालयलाई सरसफाइका सामग्री उपलब्ध गराउने<br>• २०० जना अभिभावकलाई खानेपानी तथा सरसफाईका वारेमा जनचेतना प्रदान गर्ने । | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन, इमिस प्रतिवेदन |
| आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि वैकल्पिक सिकाइको व्यवस्था भएको | • वैकल्पिक विधिको माध्यमबाटे शिक्षण सिकाइ भएको<br>• घुम्ती तथा टोल शिक्षा भएको हुने<br>• घरमा कक्षा सञ्चालन भएको | • वैकल्पिक शिक्षणका लागि शिक्षकलाई तालिम<br>• Home school तथा अभिभावक शिक्षाका लागि शिक्षकको क्षमता विकास गर्ने ।<br>• अवश्यकताअनुसार घुम्ती कक्षा सञ्चालनका लागि सहयोग गर्ने । | • सबै विद्यालयका किशोरीहरुलाइ :यानीटेरी प्याड उपलब्धताको सुनिश्चितता र व्वस्थापनका लागि तालिम उपलब्ध गराइने । | सामाजिक परीक्षण प्रतिवेदन |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वि व्य स शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | सबै वि व्य स | १५ | २० | संघीय प्रदेश तथा स्थानीय सरकार गा पा | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | सबै विद्यालय | १० | २० | | |
| ३ | जोखिम नक्साङ्कन गर्ने | सबै विद्यालय | २५ | २५ | | |
| ४ | पालिकामा आपतकालीन कोषको स्थापना गर्ने | | १ | १ | | |
| ५ | प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने | सबै विद्यालय | २५ | १५ | | |
| ६ | विद्यालयमा सूचना प्रविधिको विकास गर्ने | सबै विद्यालय | १५ | १५ | | |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिने | सबै विद्यालय | १५ | १८ | | |
| ८ | निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन गरी परिचालन गर्ने | सबै विद्यालय | २० | १५ | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु.हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वि व्य स शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ प्रदेश र स्थानीय सरकार | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | १०० | | १०० | | | | | |
| ३ | जोखिम नक्साङ्कन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ४ | पालिकामा आपतकालीन कोषको स्थापना गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ५ | प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ६ | विद्यालयमा सूचना प्रविधिको विकास गर्ने | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिने | | | | | | | | स्रोत नचाहिने |
| ८ | निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन गरी परिचालन गर्ने | | | | | | | | स्रोत नचाहिने |

# परिच्छेदः ४ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ४.१ परिचय

कार्यक्रम तथा योजना कार्यान्वयनको समयमा निरन्तर रुपमा र आवधिक रुपमा पनि अनुगमन तथा मूल्याककन गर्न जरुरी छ । शैक्षिक कार्यक्रम र योजनाहरुको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी लिई लगानीलाई नतिजामुखी, जवाफदेही तथा उत्तरदायी बनाउन सहयोग गर्दछ ।

## ४.२ उद्देश्यहरुः

- शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मुल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सिकाइ प्रणाली विकास गर्नु ।

## ४.३ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्थित रुपमा अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरी व्यवहारतः कार्यान्वयन गरिनेछ । | संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङकन प्रणालीको व्यवस्था गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।<br>पालिका स्तरमा उपाध्यक्षज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।<br>२ महिनाको कम्तिमा १ पटक पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गर्ने । |
| गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिताको अध्ययन गरिनेछ । | यसका लागि पालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी प्रतिवेदन प्रकाशित गर्ने । |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नियिमत रुपमा शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन | सबै विद्यालय | महिनामा कम्तिमा १ पटक | वर्षमा कम्तिमा १४ पटक | पालिका | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा र जनप्रतिनिधिद्धारा संयुक्त रुपमा विद्यालय अनुगमन | सबै विद्यालय | वर्षमा कम्तिमा १० पटक | वर्षमा कम्तिमा १६ पटक | | |
| ३ | वडा कार्यालयबाट अनुगमन | वडा भत्रका विद्यालय | वर्षमा कम्तिमा ८ पटक | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | नियमित रुपमा नगर शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन | १०० | २० | २० | २० | २० | २० | | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा र जनप्रतिनिधिद्धारा संयुक्त रुपमा विद्यालय अनुगमन | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ प्रदेश र स्थानीय सरकार | |
| ३ | वडा कार्यालयबाट अनुगमन | | | | | | | | स्रोत नचाहिने |

# परिच्छेदः ५. लगानी तथा स्रोत व्यवस्थापन

## ५.१ परिचय

समुन्नत राष्ट्र निर्माणको लागि मानव संसाधन विकास गर्न जरुरी छ । त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ । बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्यको विकासको दीर्घकालीन सोचलाई मुर्त रुप दिन शिक्षामा राज्यले लगानी गर्नु आवश्यक छ ।

## ५.२ वर्तमान अवस्थाः

शिक्षाको लगानी भविष्यको राज्य विकासको आधार भएकोले राज्यले आफ्नो देशका नागरिकलाई निशुल्क तथा अनिवार्य शिक्षा भनेर नारा तथा संविधानमा उल्लेख गरेर मात्र हुदैन त्यसका लागि पर्याप्त लगानीको आवश्यकता पर्दछ । यस गाउँपालिकामा संघीय सरकारबाट ससर्त अनुदानबाफत बार्षिक १५ करोड रुपियाँ शिक्षक तथा कर्मचारी तलब भत्ता शीर्षकमा प्राप्त हुने गर्दछ । यसका अतिरिक्त प्रदेश सरकार १० लाख र स्थानीय सरकारबाट वार्षिक एक करोडको हाराहारीमा बजेट विनियोजित हुने गरेको छ । यो लगानी शिक्षाको सम्पूर्ण विकासको लागि अपर्याप्त देखिन्छ । बढीजस्तो रकम शिक्षक तलबमा मात्र खर्च भएको देखिन्छ ।

## ५.३ उद्देश्यः

- शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नु ।
- योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकता क्षेत्रहरु छुट्याइनु ।

माथि उल्लेखित परिच्छेद अन्तर्गतका विभिन्न शीर्षक उपशीर्षकमा निर्धारित कार्यक्रमका लागि यस गाउँपालिकाले तपशीलअनुसारको ५बर्षका लागि अनुमानित बजेट निर्धारण गरिएको छ :

| शिक्षाका क्षेत्रहरु | वर्ष (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| प्रारम्भिक शिक्षा | ४२० | ३२० | ४२० | १७० | २७० |
| आधारभूत शिक्षा | १२०० | ११०० | १२५० | ११५० | १२०० |
| माद्यमिक शिक्षा | १४०० | १३२० | ११०० | १०५० | १२५० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | ९०० | ९०० | ९०० | ९०० | ९०० |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | | ८०० | ५०० | २०० | १५० |
| शिक्षक व्यवस्थापन तयारी तथा पेशागत विकास सहयोग | १०० | १०० | १०० | १०० | १०० |
| शिक्षामा सूचना संचार प्रविधि | | ५०० | | ५०० | |
| विद्यालय नेतृत्व तथा सुशासन | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| स्वास्थ्य खानेपानी तथा स्वच्छता | १५० | १५० | १५० | १५० | १५० |
| आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | १०० | १०० | १०० | १०० | १०० |
| कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | ८० | ८० | ८० | ८० | ८० |
| जम्मा आवश्यक बजेट | ४६५० | ५६७० | ४९०० | ४७०० | ४५०० |

# परिच्छेद ६: प्रमुख उपलब्धि सूचकहरु

| क्र.स. | सूचकहरु | आधार बर्षको २०८१ को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८५ | २०९० |
| **१** | **प्रारम्भिक बालविकास तथा शिक्षा (प्रतिशतमा)** | | | |
| १.१ | कुल भर्नादर चार बर्षका बालबालिकाको भर्ना अनुपात | ८५.८ | ९५ | १०० |
| १.२ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९१ | ९८ | १०० |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९० | ९७ | १०० |
| १.४ | कक्षा १ का नव प्रवेशी मध्य प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ८५.८ | ९५ | १०० |
| **२** | **आधारभुत शिक्षा** | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर | १२०.६ | १११ | १०३.७ |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ८९.८ | ९४.१ | ९८.५ |
| २.३ | कक्षा १ देखि ५ कुल भर्नादर | १२६.६ | ११७ | १०३ |
| २.४ | कक्षा १ देखि ५ खुद भर्नादर | ९२.४ | ९६.३ | ९९ |
| २.५ | कक्षा १ देखि ८ कुल भर्नादर | ११४.७ | १०९ | १०२ |
| २.६ | कक्षा १ देखि ८ खुद भर्नादर | ९१.९ | ९७ | ९९.४ |
| २.७ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | | | |
| २.८ | ५ देखि १२ उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १३ | ९ | ५ |
| **३** | **माद्यमिक शिक्षा** | | | |
| ३.१ | कुल भर्ना दर कक्षा ९ र १० | ८३.२ | | |
| ३.२ | खुद भर्ना दर कक्षा ९ र १० | ६१.३ | ७८ | ९१ |
| ३.३ | कुल भर्ना दर कक्षा ९ देखि १२ | ७७.१ | | |
| ३.४ | खुद भर्ना दर कक्षा ९ देखि १२ | ४४.१ | ६९ | ८३ |
| ३.५ | कुल भर्ना दर कक्षा ११ र १२ | | | |
| ३.६ | खुद भर्ना दर कक्षा ११ र १२ | ५१ | ६७ | ७९ |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ६९.४ | ७८ | ८४ |
| ४.२ | १५ देखि २४ बर्षको साक्षरता दर | ७३ | ८१ | ८९ |
| ४.३ | १५ बर्ष भन्दा माथिको साक्षरता दर | ६८ | ७७ | ८२ |
| **५** | **महिला शिक्षक प्रतिशत** | | | |

| | | | | |
|---|---|---|---|---|
| ५.१ | प्रारम्भिक बालविकास | ९८ | | |
| ५.२ | आधारभूत तह | १७.४३ | ३२ | ४१ |
| ५.३ | माद्यमिक तह | ४.४६ | ११ | २३ |
| ५.४ | शिक्षा क्षेत्रमा स्थानीय वजेटको प्रतिशत | | | |

# अनुसूची - १

## स्थानीय गाउँ शिक्षा योजना निर्माण कार्यदलको नामावली

| क्र.सं. | नाम | पद | आवद्ध निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हरिचन्द्र कडायत | संयोजक | छबिसपाथिभेरा गाउँपालिका, बझाङ । | |
| | श्री महेन्द्र बहादुर सिंह | सदस्य | श्री शान्ति मा वि चौघानपाटा, बझाङ | |
| ३ | श्री पदम बहादुर खड्का | सदस्य | श्री जनप्रिय मा वि बगडगाउँ, बझाङ | |
| ४ | श्री कलक बहादुर चलाउने | सदस्य | श्री बाँठपाली मा वि बिसौनाचौर, बझाङ | |
| ५ | श्री जुनेश बहादुर चलाउने | सदस्य | छबिसपाथिभेरा गाउँपालिका, बझाङ । | |

## सल्लाहकार समिति

१. संयोजक- गाउँपालिका अध्यक्षः श्री बसन्त बहादुर चलाउने

२. सदस्य- गाउँपालिका उपाध्यक्षः श्री लक्षिमन बोहरा

३. सदस्य- गाउँ शिक्षा समिति संयोजकःश्री श्याम बहादुर सिंह

४. सदस्य- प्रमुख प्रशासकीय अधिकृतःश्री गगन बहादुर ऐडी